


प्रकाशकः
समाजसेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस)
बद्धनगर काठमाडौँ

**प्रकाशक**
समाजसेवा तथा मानवअधिकारमा महिला र बालबालिका (सिविस)
URL : www.cwish.org.np
बुद्धनगर, काठमाडौँ

सर्वाधिकार : प्रकाशकमा

सल्लाहकार : विमला ज्ञवाली
शान्ति अधिकारी
विष्णु तिमिल्सिना
लेखन : रमेशकुमार पौडेल
मीलन धरेल
ध्रुव लामिछाने
युवराज घिमिरे
प्रेम घिमिरे
शुद्धाशुद्धि : संगीता दाहाल
प्रकाशन : डिसेम्बर २०१२
प्रकाशित प्रति : ५००
ISBN :
प्रकाशन सहयोग : ECPS

# प्राक्कथन

नेपाली समाजमा रहेका अहम सवालहरूमध्ये बाल संरक्षणको सवाल एक हो । लाखौं बालबालिकाहरू श्रममा संलग्न भई, हिंसा दुर्व्यवहार, शोषण तथा भेदभावबाट प्रभावित भएको वर्तमान अवस्थामा बाल संरक्षणका समस्याहरूलाई तत्काल उपयुक्त माध्यम तथा कार्यक्रमहरूबाट हस्तक्षेप गर्नु जरूरी छ ।

बाल संरक्षणका समस्याहरू विभिन्न सामाजिक, साँस्कृतिक, आर्थिक तथा राजनीतिक गलत मान्यताहरूको जगमा उभिएका कारणले यस्ता समस्याहरूको सामाधान गर्नका लागि सामाजिक, अर्थिक, सास्कृतिक तथा राजनीतिक रूपमा नै अभियानहरू सञ्चालन गर्नु त्यत्तिकै जरूरी हुन्छ ।

बालबालिकाको संरक्षणका सवालहरू विभिन्न लाञ्छना तथा भयका कारणले लुकेर रहने हुँदा त्यस्ता समस्याहरू सहज रूपमा उजागर हुन र बालबालिका तथा तिनका अभिभावकहरूले पनि समस्यामा उपयुक्त न्यायिक तथा पुनर्स्थापनाका सेवाहरूमा पहुँच पुऱ्याउन सकिरहेका छैनन् ।

यस्तो परिवेशमा बालबालिकाको सहभागिता अत्यन्त महत्वपूर्ण र उपलब्धिमूलक तथा प्रभावकारी कार्यक्रम हुन सक्दछ । आफ्ना सवालहरूमा आफ्नो विचार ब्यक्त गर्न पाउने तथा उक्त विचारहरूको उपयुक्त सुनुवाइ हुनुपर्ने बालबालिकाको मौलिक अधिकार भएको कारणले पनि बाल संरक्षणका

क्षेत्रहरूमा बालबालिकाको पर्याप्त, प्रभावकारी एवं सुरक्षित र स्वतन्त्र सहभागिता जरूरी हुन्छ । यसको साथै बालबालिकाहरूले नै आफ्ना साथीहरूको समस्या, उनीहरूको आवश्यक्ता र चाहनालाई वयस्कहरूले भन्दा छिटो र सही ढंगले बुझ्न तथा ब्यक्त गर्न सक्दछन् । बाल संरक्षणमा बालबालिकाको सहभागिताको सवाल ***जसको सवाल उसको नेतृत्व***को सिद्धान्तलाई कार्यान्वयन गर्ने महत्वपूर्ण अवसर पनि हो ।

बाल संरक्षणका क्षेत्रमा नेपालमा एकातर्फ बाल सहभागिताको अभ्यास त्यति धेरै भएको पाइदैन भने अर्कोतर्फ भएका अभ्यासहरू पनि प्रभावकारी, सुरक्षित र स्वतन्त्र हुन सकेको देखिदैंन । यसका पछाडि यस क्षेत्रका अभियान्ता एवं कार्यकर्ताहरूको सीप र दक्षतामा रहेको कमी तथा स्वयं बालबालिकाहरूकै पनि यस क्षेत्रमा ज्ञान, सीप र दृष्टिकोणमा रहेका कमी तथा परम्परागत मान्यताहरू रहेका छन् ।

त्यसैले सिविसले इन्टरपेडिया फिनल्यान्डको सहयोगमा बाल संरक्षणका लागि बाल सहभागिताको अभ्यासमा प्रभावकारिता बढोत्तरी सिर्जना गर्ने सोंचका साथ बाल संरक्षण तथा बाल सहभागितामा क्रियाशील ब्यक्तिहरूका लागि सहयोगी पुस्तिका प्रकाशन गरेको छ । पुस्तिका प्रकाशनका लागि सहयोग गर्नुहुने सबैलाई हार्दिक धन्यबाद दिन चाहन्छु । साथै यस सहयोगी पुस्तिकाको लेखन तथा सम्पादन कार्य गर्नुहुने श्री रमेशकुमार पौडेल, मिलन धरेल, ध्रुब लामिछाने, युवराज घिमिरे तथा प्रेम घिमिरेलाई पनि हार्दिक धन्यबाद दिन चाहन्छु । यस प्रक्रियामा संलग्न रहनुभएका सिविसका कर्मचारी एवं सदस्य मित्रहरू तथा सुझाव प्रदान गर्नुहुने सबै प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

बिमला ज्ञवाली
अध्यक्ष

# भूमिका

बालबालिकाको संरक्षण गर्ने प्रथम दायित्व आमाबाबु, अभिभावक तथा समाजमा रहेका प्रबुद्धवर्ग र बालबालिकाको प्रत्यक्ष सम्पर्कमा रहेका सबै वयस्कहरूको हो । साथै राज्यभित्रका सबै बालबालिकाको संरक्षण गर्ने अन्तिम दायित्व राज्यको हो । राज्यले कानून, नीति तथा कार्यक्रमहरू बनाएर र त्यसको प्रभावकारी कार्यान्वयन गरेर बालबालिकाको संरक्षण गर्ने कर्तव्यको पालना गर्नु पर्दछ । बालअधिकार संरक्षणका सवालहरूलाई सम्बोधन गर्ने प्रक्रियामा सहभागी हुन पाउनु बालबालिकाको मौलिक अधिकारको विषय हो । बालबालिकाको संरक्षण कार्यलाई अझ प्रभावकारी र व्यावहारिक बनाउने हो भने पनि यस कार्यमा स्वयं बालबालिकालाई सहभागी बनाउनु जरूरी हुन्छ ।

बालबालिकाका आँखाबाट संरक्षणका सवालहरूलाई हेरिनु पर्दछ । यसो गर्दा पीडामा पर्ने तथा जोखममा रहेका बालबालिकाहरूबाट अभिव्यक्त हुने विचार तथा उनीहरूबाट सुझाइएका उपायहरूले बाल अधिकार उल्लंघनका घटनाहरू न्यून गर्न एवं निषेध गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ । आफूले भोगेका समस्याहरू आफै समाधान गर्नका लागि सहभागी हुन पाउँदा उनीहरूको आत्मबल बढ्छ । यस क्रममा उनीहरूले विभिन्न जीवनोपयोगी सीपहरू पनि सिक्ने अवसर पाउन सक्छन् । उनीहरूको निर्णय गर्ने क्षमताको विकास हुन्छ ।

बाल संरक्षणको क्षेत्रमा बालबालिकाको सहभागिताको सवाललाई बालअधिकारसँग सम्बद्ध संघसंस्थाहरूले आत्मासात् गर्न थालेका छन् । घरेलु बालश्रम, बालयौन दुर्व्यवहार, अभिभाकत्व विहीन बालबालबालिकाहरूका सवालहरूको सम्बोधनका लागि सहजीकरण गर्ने क्रममा सिविसले बालबालिकालाई बालक्लबहरूमा संगठित गर्ने, उनीहरूलाई अधिकार र कर्तव्यप्रति सचेत बनाउने र बाल अधिकारको संरक्षणका लागि उनीहरूलाई नै प्रमुख सरोकारवालाको मान्यता दिंदै सहभागी गराउने काम गर्दै आएको छ । बालबालिकाकै सहभागितामा बाल संरक्षणका कार्यहरू सञ्चालन गर्ने सरोकारवालाहरूले बाल संरक्षणका लागि बाल सहभागिता के हो? भन्ने बारेमा जानकार हुनु जरूरी रहेको छ । यिनै कुराहरूलाई आधार मानेर बाल ***संरक्षणका लागि बाल सहभागिता नामक सहयोगी पुस्तिका*** तयार गरिएको हो ।

# विषयसूची

# खण्ड-एक

## बालबालिका, बाल अधिकार
## र
## बाल कर्तव्य

## १.१ बालबालिका कसलाई भन्ने ?

सामान्यतः बालबालिका कसलाई भन्ने विषय नौलो जस्तो नलाग्ने भएपनि बाल्यावस्थाको अवधारणालाई फरक सन्दर्भमा फरक ढंगले लिइने गरिन्छ। यो कुरा बालबालिकाका के कति अधिकार तथा भूमिकाहरू छन् र प्रौढले बालबालिकाहरूसंग गर्ने व्यवहारमा भर पर्दछ ।

प्रायः सबै देशहरूमा उमेरलाई आधार बनाएर बालबालिकाको कानुनी परिभाषा गर्ने गरिएको छ। यस परिभाषाले बालबालिकाको भोट हाल्न सक्ने उमेरलाई पनि प्रतिविम्बित गरेको छ। यसदेखि बाहेक यसले प्रायः जसो विवाह गर्न योग्य उमेर, यौन सम्पर्क राख्न सक्ने, सेनामा भर्ना हुन सक्ने, जस्ता कुराहरू पनि प्रतिबिम्वित गरेको हुन्छ। तर सबैभन्दा महत्वपूर्ण आधार भनेको उमेर नै हो। किनभने अन्य कुराहरू बालबालिकाको परिभाषा गर्नका लागि प्रष्ट रूपमा प्रतिबिम्वित भएको देख्न सकिंदैन।

परिवार र प्रौढसंगको सम्बन्ध, विवाह गर्ने अवस्था, आर्थिक दायित्वको तह, शिक्षाको तह, सेनामा भर्नाको लागि न्यूनतम उमेर, भोट जस्ता कानुनी अधिकार ग्रहण गर्न सक्ने अवस्था आदि। कतिपय समुदायहरूमा उत्तरदायित्व बहन गर्नु नपरेको कारणले उमेर पुगेका छोरा र छोरीलाई बाल्यावस्थामै रहेको ठानिन्छ। जस्तैः एउटा सम्पन्न परिवारका कुनै पनि काम नलगाइकन हुर्काइएका, जवान छोरा वा छोरीले आफूलाई बालबालिका नै ठान्ने गर्दछन्। त्यसैगरी विपन्न परिवारका १४ वर्षका छोरा वा छोरीले आफ्ना बाबु आमालाई काममा सरसहयोग गर्नका लागि काम गर्ने गरेका छन् भने उनीहरूले आफूलाई प्रौढ ठानिरहेका हुन्छन्।

संयुक्त राष्ट्र संघले गरेको परिभाषाले बालबालिकाको बाल्यावस्थालाई अधिकतम रूपमा संरक्षण गर्ने कुरा सुनिश्चित गरेको छ। यसले बालबालिकाको अधिकतम हितका लागि एउटा अन्तर्राष्ट्रिय मापदण्ड निर्धारण गरेको छ। बालअधिकार महासन्धि विश्वव्यापी रूपमा अनुमोदन गरिएको महासन्धि हो। अधिकांश राष्ट्रहरू, अन्तर्राष्ट्रिय संघ संस्थाहरू सबैले यसमा भएका बालअधिकार सम्बन्धि ब्यावस्थाहरूलाई स्वीकार गरेका छन्। तर महासन्धिले यदि राष्ट्रिय कानुनले त्यो भन्दा पनि कम उमेरका व्यक्तिलाई बालबालिकाको रूपमा परिभाषित गर्न सक्ने कुरा प्रष्ट पारेको छ।

बाल्यावस्थाको धारणालाई विभिन्न सन्दर्भ स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा हेर्ने गरिन्छ। यद्यपि बालविकासका आधारभूत चरण र बालविकासका आधारभूत आवश्यकताहरूमा भने कुनै भिन्नता हुँदैन। बाल अधिकारको क्षेत्रमा कार्यरत निकाय, सामाजिक कार्यकर्ता सबैले बालबालिकाको परिभाषालाई विश्लेषण गर्नु जरूरी हुन्छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले बालबालिकालाई फरक फरक रूपमा परिभाषित गरेको पाइन्छ जुन निम्न रहेको छ :

## क) अन्तर्राष्ट्रिय परिभाषा :

– संयुक्त राष्ट्र सङ्घिय महासन्धि बाल अधिकार महासन्धि १९८९ ले १८ वर्ष मुनिका व्यक्तिलाई बालबालिकाको रूपमा परिभाषित गरेको छ । वा अन्तराष्ट्रिय कानुन अनुसार १८ वर्ष भन्दा कम उमेरका व्यक्ति नै बालबालिका हुन् ।

## ख) राष्ट्रिय परिभाषा :

– नेपालको अन्तरिम संविधान २०६३ ले १६ बर्षभन्दा कम उमेरका ब्यक्तिहरूलाई नाबालिग मानेको छ भने मतदान गर्ने अधिकार प्राप्त गर्न १८ बर्ष पुग्नुपर्ने प्रावधान राखेको छ।

– बालबालिका सम्बन्धी ऐन २०४८ ले १६ वर्षमुनिको व्यक्तिलाई बालकको रूपमा परिभाषित गरेको छ।

– बाल श्रम निषेध तथा नियमित गर्न बनेको ऐन २०५६ ले १६ वर्ष मुनिको व्यक्तिलाई बालक भनेको छ।

## १.२ बाल अधिकार भनेको के हो ?

बालक १८ बर्ष भन्दा उमेर नपुगुन्जेलसम्म ऊ बाँच्न र सम्पूर्ण विकासका लागि नभई नहुने आधारभूत आवश्यकताहरू नै बाल अधिकार हुन्। जसभित्र बाँच्न पाउने, विकास गर्न पाउने, संरक्षण पाउने र सहभागी हुन पाउने अधिकार समूहभित्र समेटिएका सम्पूर्ण अधिकारहरू पर्दछन्। अर्को शब्दमा बालबालिका स्वस्थ जन्मन पाउनु, जन्मेपछि पोषणयुक्त खानेकुरा र उपयुक्त कपडा लगाई हुर्कन पाउनु, स्वास्थ्यको हेरचाहको व्यवस्था हुनु, शिक्षा, संरक्षण, र हेरविचार पाउनु आफ्नो क्षमता, ज्ञान, सीपको विकास गर्न पाउनु, बालबालिकाले इज्जत तथा आत्मविश्वासका साथ समाजका सांस्कृतिक तथा धार्मिक क्रियाकलापमा बिनाभेदभाव भाग लिन पाउनु पारिवारिक वातावरणमा हुर्कन पाउनु र आफ्नो क्षमता र मिहिनेतका आधारमा भविष्य निर्माण गर्न पाउनु जस्ता कुराहरू नै बालअधिकार भित्र पर्दछन्।

बाल अधिकारका बारेमा राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनमा भएका ब्यवस्थाहरूलाई चार विभिन्न क्षेत्रमा हेरिने गरिएको छ। जुन अधिकारहरू निम्न अनुसार रहेका छन्:

## क) बाँच्न पाउने अधिकार :

कुनैपनि कारणबाट बालबालिकाको दीर्घजीवन र स्वास्थ्यमा नकारात्मक असर पर्नबाट सुरक्षित हुन पाउनु तथा बालबालिकाको दीर्घ र स्वस्थ जीवनका लागि आवस्यक खाना, बास, लत्ता कपडा, औषधि, खोप, पोषिलो खाना, हेरचाह तथा मायाँ स्नेह एवं स्तनपान गर्न पाउने व्यवस्था को सुनिश्चिता हुनु बालबालिकाको बाँच्न पाउने अधिकार हो । यस अधिकारलाई बालअधिकार महासन्धिको धारा ६, ८ र २७ मा उल्लेख गरिएको छ।

## ख) संरक्षणको अधिकार:

बालबालिकाको संरक्षणको अधिकार अन्तरगत प्रत्येक बालबालिकाको नाम र जन्म दर्ता, परिवारसँग वस्न पाउने, आफूवीरूद्ध हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, बेचविखन, ओसारपसार, शोषण र बेवास्ताबाट संरक्षण प्राप्त गर्ने अधिकार, विभिन्न कारणले जोखिमपुर्ण अवस्थामा रहेका बालबालिकालाई सुनिश्चित भविष्यको लागि स्थानीय तहबाट पुऱ्याइने विशेष संरक्षण, बालबालिकालाई निजको बाबु आमा, संरक्षक, शिक्षक वा जोसुकैबाट हुने शारीरिक तथा मानसिक यातना र अमानवीय ब्यवहारबाट संरक्षण प्राप्त गर्ने अधिकारहरू पर्दछन्। यस अधिकारलाई बालअधिकार महासन्धिको धारा ९, २०, २१, २२, २३, २६, ३२, ३३, ३४, ३५, ३६, ३७, ३८, ३९ र ४० मा उल्लेख गरिएकोछ। यसका साथै सशस्त्र द्धन्द्ध र युद्धका क्रममा बालबालिकाको प्रयोगलाई बन्देज गर्ने र उनीहरूको संरक्षण गर्ने तथा बेचविखन, यौन शोषण एवं अश्लील चित्रणका कार्यहरूवाट बालबालिकालाई विशेष संरक्षण प्रदान गर्न ऐच्छिक प्रलेखहरू लागू गरिएको छ। बालबालिकाहरूलाई निकृष्ठ प्रकारको श्रममा संलग्न हुनबाट रोक्न  आई. एल. ओ. महासन्धि १८२ लागू गरिएको छ। बालबालिकालाई धर्म सन्तानको रूपमालिने दिने प्रक्रियामा बालबालिकाको संरक्षणको विशेष व्यवस्था गर्न हेग महासन्धि लागू गरिएको छ। अभिभावकत्व बिहीन बालबालिकाहरू तथा पारिवारिक संरक्षण गुमाउने अवस्थामा रहेका बालबालिकाहरूको संरक्षणका लागि संयुक्त राष्ट्र संघले बैकल्पिक हेरचाह सम्वन्धि निर्देशिका लागू गरेको छ। बालअधिकार हननका घटनाहरूमा राज्यले उपयुक्त संवोधन नगरेको अवस्थामा संयुक्त राष्ट्र संघको बालअधिकार समितिमा विशेष उजुरी गर्ने व्यवस्थाको ऐच्छिक प्रलेख पनि कार्यान्वयनमा आउने तयारी अवस्थामा रहेको छ।

## ग) विकासको अधिकार:

विकासको अधिकार अन्तर्गत शिक्षा, खेलकुद, स्वस्थ मनोरञ्जन तथा व्यक्तित्व विकासको अधिकारहरू पर्दछ। साथै बालबालिकासंग सम्वद्ध विषयगत क्षेत्रहरू जस्तै सार्वजनिक, भौतिक सेवा सुविधाहरू, भवन, विद्यालय, अस्पताल, उद्यान, मनोरञ्जन स्थल आदिको उपयोगमा बालबालिकाको अधिकार सुरक्षित रहने बिषयहरू पनि विकासको अधिकार अन्तर्गत पर्दछन्। यस अधिकारलाई महासन्धिको धारा १८, १९, २८, २९, ३० र ३१ मा उल्लेख गरिएको छ।

## घ) सहभागिताको अधिकार:

सहभागिताको अधिकार अन्तरगत बालबालिकालाई प्रभावित पार्न सक्ने विषयहरूमा छलफल तथा निर्णय गरी रहँदा उनीहरू सँग परामर्श गर्नुपर्ने र उनीहरूको विचारको उचित सुनुवाइ हुनुपर्ने अधिकार पर्दछ। यस अन्तरगत बालबालिकाहरूको सूचना प्राप्त गर्ने, विचार तथा भावनाको अभिव्यक्त गर्ने, संगठन बनाउने तथा सिर्जनात्मक एवं मनोरञ्जनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने स्वतन्त्रता पनि पर्दछ। साथै बालबालिकासँग सम्बन्धित विषयको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा बालबालिकाको संलग्न हुन पाउने अधिकार पर्दछ। यस अधिकारलाई बालअधिकार महासन्धिको धारा १२, १३, १४ र १५ मा उल्लेख गरिएको छ।

## १.३ अधिकार धारकका रूपमा बालबालिका :

अधिकारमा आधारित दृष्टिकोणमा बालबालिकाहरू अधिकार प्राप्तकर्ता हुन् । उनीहरू राज्यबाट आधारभूत बाँच्न पाउने, विकास गर्न पाउने, संरक्षण पाउने र सहभागी हुन पाउने अधिकारहरू प्राप्त गर्ने हकदारको रूपमा रहेका हुन्छन् । राज्यले बालबालिकाका यी अधिकारहरूको ब्यावहारिक कार्यान्वयन गर्नका लागि कर्तव्य निर्वाह गर्नु पर्दछ ।

## १.४ बयस्कको जिम्मेवारी र दायित्व :

बालबालिकाप्रति वयस्कको नैतिक, सामाजिक तथा कानुनी दायित्व हुन्छ। यदि वयस्कले जिम्मेवारीको परिपालना नगरेको कारणबाट बालबालिकालाई क्षति पुगेमा बाल संरक्षणको अधिकार उल्लंघन हुन्छ। वयस्कको असमर्थता, असक्षमता तथा उपेक्षाको कारण पनि बाल अधिकार उल्लंघन हुने गर्दछ ।

बालबालिकाको संरक्षण गर्ने प्रथम दायित्व अभिभावक, आमाबाबु, वा घर समाजमा रहेका वयस्कहरूको हो भने यसलाई लागू गर्ने जिम्मेवारी सरकारको हो। राज्यले विद्यालय, अस्पताल, खानेपानी, ढल व्यवस्था, खेलमैदान र सामग्रीको व्यवस्था गर्ने कार्यमा सरकारको आँखा पुगेन भने अभिभावक वा वयस्कले बालबालिकाको तर्फबाट राज्यसमक्ष नीतिगत पैरबी गर्ने दायित्व लिनु पर्दछ ।

वयस्कहरूले बालअधिकारको कार्यान्वयन गर्ने उत्तरदायित्वको बोध गर्नै पर्दछ। बालबालिका आमाको गर्भमा आएदेखि स्वस्थ्य जन्मन पाउने, जन्मिसकेपछि पोषणयुक्त खाना ख्वाउने, सरसफाइमा बस्न पाउने आदि अधिकार उपभोग गर्नका लागि आवश्यक व्यवस्थापन र वातावरण तयार पार्ने जिम्मेवारी वा दायित्व वयस्कहरूको हो। तर जब बालबालिका हुर्कदै जान्छन् यसक्रममा विस्तारै उनीहरूले आफ्ना अधिकारको उपभोगका लागि कर्तव्यहरू पुरा गर्न पर्ने कुराका बारेमा सचेत गराउने त्यस संग सम्बन्धित ज्ञान तथा सीपहरू सिकाउने जिम्मेवारी वयस्कहरूले पूरा गर्नु पर्दछ। मानौ ३ महिनाको शिशु फोहोरी भयो भने उसको सफा सुग्घर रहन पाउने अधिकार उपभोग गर्ने वातावरण तयार गर्ने दायित्व आमाबाबुको हुन जान्छ। किनकी उ आफै यो काम गर्न सक्दैन। तर जब उ हुर्कदै जान्छ। ८/९ वर्षको भएपछि सफासुग्घर हुनका लागि नुहाइधुवाइ गर्नु पर्दछ भन्ने ज्ञान तथा सीप सिकाउने जिम्मेवारी वयस्कहरूकै हुन्छ। ज्ञान तथा सीप सिकाउने जिम्मेवारी वयस्कले पूरा गरेपछि सफासुग्घर भएर बस्ने कर्तव्य बालबालिकाको हुन्छ। नुहाउनका लागि पानी, साबुनलगायतका सामग्रीहरूको बन्दोबस्त मिलाउने जिम्मेवारी वयस्कको हुन्छ ।

## १.५ बालबालिकाको कर्तव्य :

कुनै व्यक्तिले अर्को ब्यक्ति, समूह वा सम्प्रदायको विकास, अवसर र अधिकारहरूलाई कुण्ठित हुन नदिनका लागि गर्नु पर्ने कार्यहरूलाई नै कर्तव्य

भनिन्छ । अधिकार र कर्तव्य एउटा सिक्काका दुई वटा पाटाहरू हुन् । अधिकार प्राप्तीले ब्यक्तिहरूलाई कर्तव्य पालनामा सक्षम बनाउछ र कर्तव्यको पालनाले ब्यक्तिको अधिकारको औचित्यतालाई पुष्टि गर्दछ ।

बालबालिका भविष्यका कर्णधार मात्र होइनन्, वर्तमानका साझेदारहरू पनि हुन् । उनीहरू यस समाजका सक्रिय सदस्य हुन् । त्यसैले उनीहरूलाई अधिकारको साथसाथै कर्तव्यका बारेमा पनि जानकारी गराउँदै लगेको खण्डमा मात्र बालबालिकाको सामाजिकीकरण, सचेत र जिम्मेवार नागरिकको सोच र ब्यबहार तथा कर्तब्य पालनाको प्रक्रियामा सकारात्मक सहयोग पुग्दछ ।

बालबालिकाहरूले पालना गर्नुपर्ने कर्तव्यहरूलाई निम्नानुसार सूचीकृत गर्न सकिन्छ :

## क) आफ्नो अधिकार संरक्षणका क्रममा गर्नु पर्ने कर्तव्य :

उमेर, शिक्षा क्षमताका आधारमा म आफूले के के कर्तव्य पालना गर्नुपर्छ भनेर छलफल गरेर पहिचान गरी कर्तव्य पूरा गर्ने। आफ्नो पढाइ पूरा गर्न के के गर्नु पर्दछ भनेर थाहा पाउने। जस्तै : ठीक समयमा विद्यालय जाने, शिक्षण सिकाइमा सहभागी हुने, कक्षाकार्य र गृहकार्य गर्ने, नजानेको कुरा शिक्षकलाई सोध्ने, अनुशासनको पालना गर्ने, यसैगरी स्वास्थ्य सम्बन्धी अधिकार पाउनका लागि आफूले पूरा गर्नुपर्ने कर्तव्यहरू के के हुन् पहिचान गर्ने जस्तै : सरसफाइ नियमित गर्ने, समयमा खाने, रोग लागेमा समयमा उपचार गर्ने, आफ्नो सुरक्षामा ध्यान दिने, रातबिरात नहिड्ने, खतरा हुने ठाउँमा नजाने, कुलत छ भने छाड्ने, खराब साथीको संगत छाड्ने ।

## ख) आफ्नो परिवार प्रतिको कर्तव्य :

आमाबुबा र मान्यजनको आदर गर्ने, घरको काममा आफैले सक्दो र भ्याएसम्म सहयोग गर्ने, घरको सरसफाइ, सामानको संरक्षण, भाइबहिनीको सुरक्षा र संरक्षण गर्ने, भाइ बहिनीलाई मद्दत गर्ने, ब्यावहारिक कुरा सिकाउने, घरमा झैझगडा नगर्ने, उचित निर्णय लिन सल्लाह लिने, आफ्नो कारणबाट परिवारमा कुनै कठिनाइ पो भएको छ कि भनेर मनन गर्ने, घरको फूलबारी, बोटबिरूवा, खेतिपाती गाईवस्तु छन् भने ख्याल गर्ने आदि ।

## ग) साथी र अन्य बालबालिका प्रतिको कर्तव्य :

आफ्ना साथीहरू र अन्य बालबालिकासँग भेदभावयुक्त व्यवहार नगर्ने, आफूले जानेका कुरा सिकाउने, साथीहरूसँग झैझगडा नगर्ने, नजिस्क्याउने, अपशब्द नबोल्ने, अपाङ्गता भएकालाई शिक्षामा, बालक्लबमा समावेश गर्ने, बालविवाह, बाल यौन दुर्व्यवहार तथा अन्य प्रकारको दुर्व्यवहार, बालबालिका माथि दिइने यातना आदिको बारेमा आवाज उठाउने, कुलतका बारेमा छलफल चलाउने,

बालक्लब वा समूहमा सहभागी हुने। कसैले विद्यालय छाडेमा खोजी गर्ने र विद्यालय जान हौसला दिने।

## घ) विद्यालयमा बालबालिकाको कर्तव्य :

विद्यालयको अध्ययन अध्यापनमा सहभागी हुने, विद्यालयका सम्पत्ति, साधन स्रोत, जस्तै खानेपानी, टेबलकुर्सी, शैक्षिक सामग्रीको सुरक्षा गर्ने, खेलकुदका सामग्री, विज्ञान प्रयोगशालाका प्रयोगात्मक सामग्रीको हेरचाह गर्ने। विद्यालयको अनुशासनलाई दृढतापूर्वक पालना गर्ने, अपाङ्गता भएका बालबालिका तथा साथीलाई पढ्नका लागि भौतिक सुविधा जुटाउनका लागि आवाज उठाउने, विद्यालय व्यवस्थापन समितिलाई सजग बनाउने, कक्षाको पढाइ प्रभावकारी नभएमा प्रधानाध्यापक, शिक्षक, शिक्षिकालाई खबर गर्ने, एउटा साथीले अर्कोलाई दुःखदिने र सताउने गरेमा त्यसका बारेमा छलफल गर्ने, बाल संरक्षण गर्ने, बालबालिकामाथि कुनै किसिमको दुर्व्यवहार भए आवाज उठाउने। भयरहित वातावरणमा पढ्ने वातावरण बनाउन सबै जना मिलेर काम गर्ने ।

## ङ) सार्वजनिक सम्पत्ति र आफ्नो वातावरणप्रतिको कर्तव्य :

विद्यालय, खेल मैदान, सडक, सडकबत्ती, पुल, कुलोकुलेसा, खानेपानीलगायत समुदायमा प्रयोग हुने सार्वजनिक स्रोतको संरक्षण गर्ने, हानी नपुर्‍याउने, बाटो गाउँघर सरसफाइ कार्यक्रममा सहभागी हुने, स्वस्थ्य, सुरक्षित र हराभरा वातावरणको लागि आवश्यक वृक्षरोपणलगायतका क्रियाकलापमा सहभागी हुने, बालबालिकको अधिकारको निमित्त छिमेकी, समुदाय, राष्ट्रले के गरिरहेका छन् ? अन्य ठाउँका बालबालिकाले के कसरी आफ्नो विकास गरिरहेका छन् भन्ने बारेमा जानकारी लिने र सो का लागि पुस्तकालय, स्रोत केन्द्र आदिको स्थापनाका लागि प्रयास गर्ने ।

## च) राज्य, सरकार तथा राज्यका निकायहरूप्रतिको कर्तव्य :

बालबालिकाहरू राज्यका हुर्कदै गरेका नागरिकहरू हुन। भविष्यमा आजका बालबालिकाहरूले नै राज्यको राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिक एवं सास्कृतिक नेतृत्व सम्हाल्नु पर्ने हुन्छ। यसैले राज्य सरकार र यसका निकायहरूले पनि आजका बालबालिकाहरू माथि लगानी गर्नु पर्ने हुन्छ। बालबालिकाहरूले राज्यमा लोकतान्त्रिक संस्कार, शान्ति, सद्भाव र सहिष्णुता प्रवर्द्धन गर्नका लागि नागरिक भूमिका निभाउनु पर्दछ। यसका लागि बालबालिकाहरूले राज्यका नीति, नियम, शासकीय व्यवस्था, इतिहास, संस्कृति तथा सम्प्रदायहरूको बारेमा जनाकारी राख्नु तथा यसप्रति सम्मान व्यक्त गर्नु पर्दछ ।

# खण्ड-दुई

## बाल संरक्षण
## र
## बाल सहभागिता

## २.१ बालसंरक्षण सम्बन्धि परिभाषा तथा कानूनहरू :

बाल संरक्षणको सामान्य अर्थ बालबालिकाहरूको सुरक्षाको ब्यबस्था गर्नु हो । बाल अधिकार अभियानमा प्रयोग भएका विभिन्न अवधारणाहरूलाई आधार मान्ने हो भने बाल संरक्षण भन्नाले बालबालिकाहरूको शारीरिक, मानसिक, संवेगात्मक, नैतिक, सामाजिक ब्यक्तित्व वा अवस्था तथा विकासमा नकारात्मक असर पर्ने वा क्षति पुग्न सक्ने कुनै पनि गतिविधिबाट बालबालिकालाई जोगाउनु, त्यस्ता घट्नाहरूबाट प्रभावित एवं पीडित भएका बालबालिकालाई न्याय तथा पुनर्स्थापनाको ब्यबस्था गर्नु र यस्ता समस्याहरूलाई सम्बोधन गर्ने गरी घर, विद्यालय, समाज, समूह तथा स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा आवश्यक नीति नियम तथा कार्यक्रमहरूको ब्यबस्था गर्न पैरवी गर्नु भन्ने बुझिन्छ ।

बाल संरक्षण निजी तथा सार्वजनिक दुबै जिम्मेवारी हो । निजी जिम्मेवारीको रूपमा आफ्नो संरक्षणमा रहेका बालबालिकाको संरक्षण कार्य तथा आफ्नो गतिविधिबाट बालबालिकालाई पर्नसक्ने जोखिम एवं हानीलाई न्यूनीकरण गर्ने कार्य पर्दछन् भने सार्वजनिक जिम्मेवारीको रूपमा समुदायमा रहेका वा आफूले थाहापाएको अवस्थामा बालबालिकाहरूको सुरक्षाको ब्यबस्था गर्नु तथा सार्वजनिक सरकारी, निजि वा सामूहिक संस्था समूहलाई बालबालिकाको संरक्षणको लागि जिम्मेवार बनाउने कार्य पर्दछ ।

त्यसकारण, कुनै पनि बालबालिकालाई निजमाथि हुनसक्ने शारीरिक यातना तथा मानसिक पीडा, श्रमशोषण, हेंला, अपहेलना, यौनशोषण, दुर्व्यवहार वा सबैखाले हिंसाबाट जोगाउने कार्यहरू बाल संरक्षणको कार्य हो भन्ने बुझ्नु पर्दछ । बालबालिका परिवार वा अभिभावकको संरक्षणमा रहे वा नरहेको अवस्था, जोसुकै पनि यसखाले शोषण, दुर्व्यवहार र उपेक्षाबाट पीडित हुन सक्दछन् । यद्यपि परिवारविहीन तथा अप्ठ्यारो परिस्थितिमा बाँच्न बाध्य बालबालिकाहरू यसखाले घट्नाहरूको बढी जोखिममा रहेका हुन्छन् ।

### २.१.१ बालसंरक्षणको अर्थ के हो ?

बाल संरक्षणलाई विभिन्न रूपमा हेर्ने गरिएको पाइन्छ । संरक्षणको शाब्दिक अर्थ जोगाउनु भन्ने बुझिन्छ । बाल संरक्षणको अर्थ के हो ? भन्ने कुरा तलको निम्न बुंदाहरूबाट स्पष्ठ हुन्छ ।

- निजी, सार्वजनिक तथा सामुदायिक जीवनमा बालबालिकाहरूलाई हुनसक्ने कुनै पनि किसिमको हेला, दुर्व्यवहार, भेदभाव, शोषण, हिंसा र उपेक्षाका जोखिमताहरूको आँकलन र न्यूनीकरण तथा संरक्षणका उपयुक्त कार्यहरूको तर्जुमा गर्नु ।
- बालबालिकालाई कुनै पनि किसिमको हेला, दुर्व्यवहार, भेदभाव, शोषण, हिंसा र उपेक्षा हुने खालका कार्यहरू नगर्नु ।

- कुनै पनि किसिमको हेला, दुर्व्यवहार, भेदभाव, शोषण, हिंसा र उपेक्षाबाट पीडित तथा प्रभावित भएका बालबालिकाको न्याय र पुनर्स्थापनामा सहयोग गर्नु ।
- बालबालिकाहरूलाई कुनै पनि किसिमको हेला, दुर्व्यवहार, भेदभाव, शोषण, हिंसा र उपेक्षाबाट सुरक्षित हुनका लागि निजी, सार्वजनिक तथा सामुदायिक क्षेत्रमा आवश्यक नीति, नियम एवं कार्यक्रमहरूका लागि **पैरवी गर्नु** ।

## २.२ बाल संरक्षण सम्बन्धी कानुनी प्रावधानहरू :

बाल संरक्षणको सन्दर्भमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूमा विभिन्न किसिमले उल्लेख गरिएको छ जुन कुराहरू निम्न रहेका छन् :

### क) बालअधिकार सम्बन्धी महासन्धि १९८९ :

संयुक्त राष्ट्र संघको महासभाले सन् १९८९ को नोभेम्बर २० मा पारित गरेको बालअधिकारसम्बन्धि महासन्धि विश्वभरी कै मुलुकहरूको लागि बालअधिकार सम्बन्धी एउटा महत्वपूर्ण साझा सम्झौता पत्र हो । बालबालिकाहरू संसारको जुनसुकै ठाउँमा जन्मे-हुर्के पनि उनीहरूको अधारभूत आवश्यकता भनेको मायाँ, ममता, समझदारी, संरक्षण, स्वास्थ्य शिक्षा र पोषण नै हुन् । त्यसैले प्रत्येक राज्यले आफ्ना भावी सन्ततिको उज्जवल भविष्यको लागि विशेष चासो राखून भन्ने उद्देश्यले यो महासन्धिको निर्माण भएको हो । संयुक्त राष्ट्र संघका २० सदस्य राष्ट्रहरूले अनुमोदन गरिसकेपछि सन् १९९० सेप्टेम्बर २ देखि औपचारिक रूपमा लागू भएको यो महासन्धिलाई नेपालले १४ सेप्टेम्बर १९९० मा निःशर्त अनुमोदन गरिसकेको छ । सन् २००१ सम्ममा १९१ वटा राष्ट्रहरूले यस महासन्धिको अनुमोदन गरिसकेका छन् । अनुमोदन गर्ने राष्ट्रहरूले यस महासन्धिलाई अन्तर्राष्ट्रिय कानूनको रूपमा पालन गर्नु पर्दछ ।

महासन्धिमा भएका सम्पूर्ण अधिकारहरूलाई सरल ढंगले बुझ्नका लागि चार समूहमा विभाजित गर्न सकिन्छ । समूहगत रूपमा विभाजन गरिए तापनि यी सबै समूहका अधिकारहरू एक आपसमा नङ मासु जस्तै छुट्याउन नमिल्ने र अन्तरनिर्भर छन् । यी चार समूहहरूमा १. बाँच्न पाउने अधिकार २. संरक्षण पाउने अधिकार ३. विकास गर्न पाउने अधिकार ४. सहभागिताको अधिकार पर्दछन् ।

यसै गरी महासन्धिले बालबालिकाका लागि भनेर समाजमा भए गरेका कार्यहरू बालअधिकारको पक्षमा छन कि छैनन् भनेर जाँच्नका लागि ४ वटा सिद्धान्तहरू पारित गरेको छ । ती चारवटा सिद्धान्तहरू निम्न प्रकार छन् :

महासन्धिको धारा २ मा सम्पूर्ण बालबालिकालाई भेदभावरहित ढंगबाट व्यवहार गरिनु पर्दछ । धारा ३ मा कुनै पनि काम गर्दा बालबालिकाको सर्वोत्तम

हितलाई ध्यान दिनु पर्दछ । धारा ६ मा बालबालिकाको दीर्घ जीवन बाँच्न पाउने सिद्धान्तमा जोड दिइएको छ भने धारा १२ मा बालबालिकाको विचार र भावनाको कदर गर्नु पर्ने सिद्धान्तलाई आत्मसात गरिएको छ ।

**बाल अधिकार महासन्धिको सशस्त्र संघर्षमा बालबालिकाको संलग्नता सम्बन्धी ऐच्छिक सन्धिपत्र १**

ऐच्छिक सन्धि १ पत्रमा भएका प्रमुख प्रावधानहरू :

- १८ वर्ष मुनिकालाई प्रत्यक्ष सम्लग्न हुनबाट रोक्ने,
- राष्ट्रिय सशस्त्र दलमा स्वेच्छिक सम्लग्नताको उमेर बढाउने र १८ वर्ष मुनिकालाई राष्ट्रिय सशस्त्र दलमा सम्लग्न गराउन विशेष सुरक्षा अपनाउनु पर्ने, अभिभावकको स्वीकृति लिनु पर्ने
- राज्यको सशस्त्र दल बाहेक अन्य कसैले पनि १८ वर्ष मुनिकालाई सशस्त्र कारबाहीका सम्लग्न गराउन नपाउने गरी सबै आवश्यक उपाय अपनाउने ।

**बालअधिकार महासन्धिको बालबालिकाको बेचबिखन, बालदेह व्यपार र बालबालिकाको अश्लील चित्रण सम्बन्धी ऐच्छिक सन्धिपत्र २**

ऐच्छिक सन्धिपत्र २ मा भएका प्रमुख प्रावधानहरू :

- बालबालिकको बेचबिखन, बालदेहव्यापार र बालबालिकाको अश्लील चित्रलाई प्रतिबन्ध लगाउने
- यस्ता कार्यलाई आपराधिक कार्यको रूपमापरिभाषित गरिने
- यस्ता अपराधहरू राज्यको क्षेत्रभित्र भए कारबाही गर्ने
- यस्ता अपराधीहरूलाई एक अर्को देशमा सुपर्दगी गर्न मिल्ने व्यवस्था गर्ने र सुपदर्गी गर्ने लगायतका कार्यमा एक राज्यले अर्कोलाई सघाउनु पर्ने ।

**बाल अधिकार महासन्धिको बाल अधिकार हननको उजुरी सम्बन्धमा ऐच्छिक सन्धिपत्र ३**

डिसेम्बर १९, २०११ का दिनमा संयुक्त राष्ट्र संघले पारित गरेको यस ऐच्छिक पत्रले बालबालिकाहरूले आफ्नो राष्ट्रका निकायहरूले बालअधिकार हननका सवालमा न्याय दिन नसकेको वा बालअधिकार हनन रोक्न नसकेको महसुष गरेमा ब्यक्तिगत रूपमा पनि संयुक्त राष्ट्र संघको बालअधिकार समतिमि उजुरी दिन सकिने ब्यबस्था गरेको छ । २०६९ आषढ सम्म यो सन्धिपत्र कार्यान्वयनमा आएको छैन र नेपालले यसलाई अनुमोदन नगरेको अवस्थामा यो सन्धिपत्र लागू हुन सक्दैन ।

बालबालिकाको संरक्षण र अधिकारको सम्वर्द्धनका लागि यो सन्धिपत्र अत्यन्तै महत्वपूर्ण साबित हुन सक्ने भएकोले नेपालले यसलाई अनुमोदन गर्न र यसको कार्यान्वयनका लागि नागरिक समाजहरू तथा बाल अधिकारकर्मीहरू एकजुट भइ कार्य गर्न जरूरी छ ।

**ख) निकृष्ट अवस्थाको बालश्रम सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं १८२ :**

महासन्धिले १८ वर्ष मुनिका सबै बालबालिकालाई निकृष्ट प्रकारको जोखिमयुक्त श्रममा लगाउन निषेध गरेको छ ।

**महासन्धिले जोखिमयुक्त बालश्रमभित्र निम्न कुराहरूलाई समेटेको छ :**

- ➢ दासत्व वा सो सरहका सबै स्वरूपहरू, बालबालिकाको बेचबिखन, ओसारपसार, ऋण बधुवा, बाधाश्रम, सशस्त्र संघर्षका लागि बालबालिकाको अनिवार्य वा जबरजस्ती भर्ना लगायत कुनै पनि जबरजस्ती वा अनिवार्य श्रम
- ➢ देह व्यापार, अश्लील चित्रण वा प्रदर्शनहरूका लागि बालबालिकाको प्रयोग, प्राप्ति वा अपर्ण
- ➢ गैरकानुनी क्रियाकलापहरू खासगरी लागू औषधीको उत्पादन तथा ओसारपसारको लागि बालबालिकाको प्रयोग, प्राप्ति वा अर्पण ।
- ➢ बालबालिकाहरूको स्वास्थ्य, सुरक्षा वा नैतिकतामा हानी पुऱ्याउन सक्ने कार्यहरू ।

महासन्धिले १८ वर्ष मुनिका सबै बालबालिकालाई निकृष्ट प्रकारको जोखिमयुक्त श्रममा लगाउन निषेध गरेको छ ।

**ग) अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १८९ :**

यस महासन्धिले घरेलु श्रमलाई सम्मानित श्रमको रूपमा स्थापित गर्दै घरेलु श्रममा संलग्न मजदुरहरूका लागि न्यूनतम् श्रमिक अधिकारहरूको सुनिश्चित गरेको छ भने बालबालिकालाई घरेलु श्रममा लगाउने कुरालाई निशेध गरेको छ । साथै हाल भैरहेका घरेलु श्रमिक बालबालिकाहरूलाई श्रमबाट मुक्त गराउन र सम्भावित जोखिमताहरूबाट संरक्षण गराउनका लागि राज्य पक्षलाई जिम्मेवार बनाएको छ ।

**घ) महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि १९७९ :**

यस महासन्धिले विशेष रूपमा बालिकाहरूलाई समान अवसर सुनिश्चित गर्न तथा उनीहरू विरूद्ध हुनसक्ने हिंसा, दुव्यवहार र शोषणबाट बचाउनका लागि कानूनी, सामाजिक तथा सांस्कृतिक संरक्षण प्रदान गर्नका लागि राज्यपक्षलाई जिम्मेवार बनाएको छ ।

**ङ) सबै प्रकारका जातीय भेदभाव उन्मूलन सम्बन्धी महासन्धि १९६५:**

यस महासन्धिले जातीय विभेदको सिकार हुन सक्ने जोखिमतामा रहेका बालबालिकाहरूको संरक्षणका लागि राज्यपक्षलाई जिम्मेवार बनाएको छ ।

**च) यातना र अन्य निर्दयी, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरूद्धको महासन्धि १९८४:**

कुनै पनि बालबालिकालाई सूचना प्राप्त गर्नका लागि, अपराधको साविती गर्नका लागि वा सजाय दिने उद्देश्यले जानाजान शारीरिक तथा मानसिक असर पुग्न सक्ने हिंसा तथा यातनाको अभ्यास गर्नबाट र कसैको पनि मानमर्दन हुनेखालको व्यवहार गर्नबाट निशेध गरेको छ ।

**छ) जेनेभा महासन्धि :**

- युद्धरत पक्षहरूबाट युद्धको अवस्थामा पनि घाइते, बिमारी, वृद्ध मानिसहरू, १५ वर्ष मुनिका बालबालिकाहरू, गर्भवती आमा, सात वर्ष मुनिका बालबालिकाका आमाहरूको संरक्षण गर्ने, प्रहारको निशाना नबनाउने ।
- युद्धरत पक्षहरूबाट उनीहरूका लागि औषधी लत्ताकपडा खाद्यान्नको स्वतन्त्र ओसारपसार गर्न अनुमति दिने ।

**ज) बाल संरक्षणसम्बन्धी राष्ट्रिय कानुन :**

नेपालका राष्ट्रिय कानुनहरूमा बालबालिकाको अधिकारका बारेमा निम्न प्रमुख प्रावधानहरू छन् :

**नेपालको अन्तरिम संविधान, २०६३**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २२ मा बालबालिकाको हकको व्यवस्था गरेको छ । यस अन्तर्गत व्यवस्था गरेका बालबालिकाका हकहरू निम्न प्रकार छन् :

- बालबालिकाको पहिचानको हक - धारा २२(१)
- बालबालिकाको पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षाको हक - धारा २२ (२))
- प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरूद्धको हक हुनेछ । यस्तो शोषणजन्य कार्य कानूनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति दिइनेछ । २२(३)
- असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा परेका, सडक बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ । २२(४)
- कुनै पनि नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न पाइने छैन । २२ (५)

**बालबालिकासम्बन्धी ऐन, २०४८ :**

- १६ वर्ष मुनिकालाई बालबालिका मानिएको छ ।
- हरेक बालबालिकाको नाम राखिदिनु पर्छ ।
- जन्मदर्ता कायम गर्नु पर्छ ।
- छोराछोरी, धर्मपुत्र, धर्मपुत्री, विवाह अघि वा पछि जन्मेको भन्ने जस्ता आधारमा कुनै पनि बालबालिकालाई भेदभाव गर्नु हुंदैन ।
- बालबालिकालाई क्रुर यातनापूर्ण व्यवहार गर्नु हुदैन ।
- कुनै पनि अपराध गरे बापत १० वर्ष मुनिका बालबालिकालाई सजाय गर्नु हुँदैन ।
- कुनै पनि बालबालिकालाई हतकडी नेल लगाउन, एकान्त कारावासमा राख्न र उमेर पुगेका कैदीसँग राख्नु हुँदैन ।
- बालबालिकालाई अनैतिक पेशामा लगाउनु हुँदैन ।

**बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ :**

- १४ वर्ष मुनिका कुनैपनि बालबालिकालाई श्रममा लगाउन पाइदैन । सो भन्दा माथि १६ वर्षभन्दा मुनिका बालबालिकालाई काममा लगाउनु परेमा साँझ ६ बजेदेखि बिहान ६ बजेसम्म लगाउनु हुँदैन । उनीहरूलाई दिनको ६ घण्टा र हप्ताको ३६ घण्टाभन्दा बढी काममा लगाउनु हुँदैन । लगातार ३ घण्टा काम गरेपछि आधा घण्टा विश्राम र हप्ताको १ दिन विदा दिनु पर्दछ । उक्त विश्रामको समय र विदाको दिनको पारिश्रमिक कट्टा गर्न पाइने छैन ।

- १६ वर्षसम्मका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन हुँदैन ।

**मानव बेचबिखनविरूद्धको ऐन, २०६४ :**

- कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, कुनै पनि प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, प्रचलित कानुन बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने, वेश्यागमन गर्ने जस्ता क्रियाकलापहरू मानब बेचबिखन भित्र पर्ने हुनाले उक्त कार्य गर्न निषेध गरिएको छ ।

**मुलुकी ऐन :**

- मुलुकी ऐनमा कुन मुद्दाको किनारा पहिले लगाउने भन्ने प्राथमिकता निर्धारणमा वेवारिसे, सोह्र वर्ष मुनिको नाबालकको मुद्दाको किनारा लगाउने क्रममा दोस्रो प्राथमिकतामा राखिएको छ ।

- सोह्र वर्ष नपुगेका नाबालकको कागज लिनु वा गराउनु पर्दा उसको संरक्षक वा हकवाला नराखी कुनै कागज लिनु गराउनु हुँदैन ।

- सोह्र वर्ष नपुगेको भए पनि ज्यानमारा, चोरी वा करणी गर्ने गर्न लाउने मानिसको अड्डाबाट कागज गराउनु पर्दा भने संरक्षक वा हकवाला भए निजलाई राखी र नभए उसैको मात्र कागज गराउन पनि हुन्छ ।
- कागज गराउँदा कसैलाई पनि जोरजुलुम करकाप गरी कागज गराउनु हुँदैन । गरे बदर हुन्छ ।

## २.३ नेपाली समाजमा रहेका बालसंरक्षणका केही मुख्य सवालहरू :

बालबालिकाहरू विश्वभर नै विभिन्न किसिमका जोखिमताहरूमा बाँचेका छन् भने लाखौं बालबालिकाहरू अहिले पनि विभिन्न किसिमका हिंसा, दुर्व्यवहार, शोषण, भय, एवं भेदभावको शिकार भइरहेका छन् । नेपालमा पनि बालबालिकाहरू धेरै किसिमका खतरा तथा संरक्षणको अभावबाट जन्मिएका समस्याहरूबाट प्रभावित एवं पीडित छन् । नेपालमा बालबालिकाको संरक्षणमा देखिएका मुख्य सवालहरू निम्न छन् :

**क) भेदभाव :** भेदभाव नेपालमा बालबालिकाहरूले भोग्नुपरिरहेको एक प्रमुख संरक्षणको समस्या हो । छोरा र छोरीमा गरिने भेदभाव, अपाँगता भएका बालबालिकाहरू विरूद्ध गरिने भेदभाव, जातीयता तथा सम्प्रदायका आधारमा गरिने भेदभाव, एच.आइ.भि. संक्रमित बालबालिका विरूद्ध गरिने भेदभाव र बालबालिकाको सामाजिक आर्थिक तथा शैक्षिक प्रगतिका आधारमा गरिने भेदभावहरू नेपाली समाज, घर, विद्यालय तथा अन्य विभिन्न निकायहरूमा विद्यामान छन् । उपलब्ध तथ्यांकहरू अनुसार नेपालमा अपाँगता भएका बालबालिकाको संख्या.४७,३४१, एच आइ भी संक्रमित बालबालिकाको संख्या १,८५७ जना रहेको छ । नेपालमा लिंग पहिचानका लागि गर्भवती महिलाको भिडियो एक्स रे गरिने तथा छोरी भ्रुण भएमा गर्भपतन गर्ने गरेको पाइएको छ , यी दुबै कार्यहरू कानुनतः अपराध मानिएको छ ।

**ख) बाल श्रम शोषण :** १४ बर्ष भन्दा कम उमेरका बालबालिकाहरूलाई आर्थिक वा अन्य कुनै फाइदा वा अवसरका लागि श्रममा संलग्न गराउनु र १५ देखि १८ बर्ष उमेर समूहका बालबालिकालाई शैक्षिक तथा अन्य अवसरहरूमा असर पुग्ने गरी र कानुनले तोकिदिएको भन्दा बढी समय र बढी काम लगाउनु बाल श्रम शोषण हो । राष्ट्रिय श्रम शक्ति सर्वेक्षण २००८ अनुसार नेपालमा करिब २१ लाख बालबालिकाहरू श्रममा संलग्न रहेकाछन् । नेपाल सरकारले तत्काल उन्मुलन गर्नुपर्ने ८ वटा विभिन्न श्रम क्षेत्रहरूलाई निकृष्ट प्रकारको बालश्रमको क्षेत्रमा रहेको छ, ती हुन् : घरेलु बालश्रम, खानी तथा इटा भट्टामा काम गर्ने बालबालिका, बाल भरिया, सडक बालबालिका, कार्पेट कारखानामा काम गर्ने बालबालिका, गिटी कुट्ने पेशामा संलग्न

बालबालिका, बाल बँधुवा मजदुर तथा बेचबिखनमा परेका बालबालिकाहरू। करिब १ लाख २७ हजार बालबालिकाहरू यस प्रकारको श्रममा रहेको अनुमान गरिएको छ। जसमध्ये घरेलु बालश्रममा मात्र ५६ हजार बालबालिकाहरू रहेको मानिन्छ।

**ग) बाल यौन दुर्व्यवहार तथा शोषण :** नेपालमा बालबालिकाहरू यौन दुर्व्यवहार तथा शोषणबाट पनि पीडीत तथा प्रभावित भएका छन्। बालबालिकाहरू माथि यौन आशयका साथ गरिने कुने पनि व्यवहारहरू यौन दुर्व्यवहार हुन्। यस्ता ब्यबहारहरू बलात्कार, बलात्कार प्रयास, अश्लिल हाउभाउ इशारा बोली ब्याबहार तथा चित्रण आदि पर्दछन्। बालबालिकाहरूसँग यौन आशयका साथ गरिएका ब्यबहारहरूलाई आर्थिक वा अन्य लाभको स्रोत बनाउनु नै यौन शोषण हो। नेपाल प्रहरीको प्रतिवेदन २०६६/०६७ ले नेपालभरि भएका ४७७ जबर्जस्ती करणी तथा उद्योगका घटनाहरूमा शिकार भएका ५६६ जनामध्ये ७८ प्रतिशत बालबालिका रहेको देखाएको छ। सिविसले २००५ मा गरेको अध्ययन अनुसार विद्यालय जान नपाएका घरेलु बालश्रमिकहरूमध्ये ५६ प्रतिशत यौन दुर्व्यवहारका शिकार भएका छन्। सिविन र युनिसेफले गरेको अध्ययन अनुसार नेपालमा विद्यालय अध्ययन गरिरहेकाहरू मध्ये करिब ३५ प्रतिशत बालबालिकाहरू यौन दुर्व्यवहारको शिकार भएका छन्। सिविन र सेभ द चिल्डेनले गरेको अध्ययन अनुसार काठमाण्डौं उपत्यकामा विद्यालय जाने बालबालिकाहरू मध्ये ४५ प्रतिशतले यौन दुर्व्यवहार भोगेका छन्। महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले २०६५ मा प्रकाशित गरेको क्याविन, दोहोरी साँझ, डान्स रेष्टुरेण्ट तथा मसाज पार्लरहरूमा काम गर्ने ५०,००० जना कामदारहरू रहेकोमा १२ देखि ३० वर्ष सम्मका ८० प्रतिशत वा करिब ४०००० जना महिला कामदार रहेका पाइन्छन्। ती कामदारहरू १२ देखि १८ वर्ष उमेरका बालिकाहरूको संख्या उल्लेख्य रहेको पाइन्छ।

**घ) शारीरिक यातना, सजाए एवं हिंसा :** शारीरीक हिंसा, यातना तथा सजायबाट नेपालका अत्यन्त धेरै बालबालिकाहरू प्रभावित छन्। बालबालिकाहरूलाई सानोतिनो गल्ति गर्दा वा उनीहरूको ब्यबहारमा सुधार गर्न नसक्दा अभिभावक, शिक्षक, रोजगारदाता, प्रहरी एवं अन्य वयस्कहरूले शारीरिक हिंसा तथा यातनापूर्ण सजायको प्रयोग गर्ने गरेको पाइएको छ। बालबालिकाहरू यस किसिमको ब्यबहारबाट विद्यालय छोड्ने, घर छोड्ने, जिद्दी हुने, झगडालु बन्ने र कतिपय घटनामा ज्यान गएको तथा आत्महत्या गरेको पनि पाइएको छ। बालबालिकाहरूलाई भययुक्त वातावरण जन्मइदिएको छ।

**ङ) द्वन्द्व र यसका नकारात्मक असर :** विभिन्न समयमा चलेका सशस्त्र द्वन्द्व, विद्यालयमा भएका लडाइ तथा विष्फोटहरू, बालबालिका हिंड्ने बाटो तथा खेल मैदानमा विछयाइएका बारूदी सुरूङहरू, विभिन्न

आन्दोलन तथा हड्तालमा बालबालिका चढेका बस तथा यातायातका साधनमा भएका आक्रमणहरूले बालबालिकाको जीवनमा भय, त्रास र जोखिमताहरू ल्याइदिएको छ । बालबालिकाहरू शारीरिक तथा मानसिक रूपमाविक्षप्त भएका छन् र कतिले ज्यान गुमाएका छन् ।

**च) बालबालिकाको बेचबिखन तथा ओसारपसार :** नेपालका बालबालिकाहरू बेचबखिनबाट प्रभावित हुनुका साथै यसबाट हुने खतरामा पनि त्यतिकै रहेका छन् । विशेषत भारत लगायत अन्य अरबी मुलुकहरूमा पनि नेपाली बालबालिकाहरूलाई यौन पेशामा जबर्जस्ती संलग्न गराउन, बँधुवा मजदुरको रूपमाप्रयोग गर्न, अंग प्रत्यारोपण गर्न, माग्ने पेशामा लगाउन, सर्कस तथा उँट दौडमा प्रयोग गर्न, हजारौं बालबालिकाहरूलाई ललाइ फकाइ तथा लोभ लालचमा पारी सिमापारी पुर्‍याइन्छ र बेचिन्छ । अनुमानित तथ्यांक अनुसार हरेका बर्ष १२ हजार भन्दा बढी नेपाली महिलाहरू भारततर्फ बिक्रीका लागि लगिन्छन् जसको ठुलो हिस्सा बालिकाहरूको  रहेको छ ।

**छ) धुम्रपान, नशा तथा लागू पदार्थको दुर्व्यसन**: नेपाली बालबालिकाहरू साथीको लहैलहैमा लागेर वा विभिन्न भ्रममा परी धुम्रपान तथा नशालु लागू पदार्थको कुलतमा  फसेका छन् । यसका बारेमा पर्याप्त जानकारीहरू प्राप्त नभएका कारणले कलिलै उमेरमा यसप्रकारको दुर्व्यसनको शिकार भइरहेका छन् । चुरोट, खैनी, रक्सी तथा विभिन्न किसिमका लागूपदार्थका उत्पादनकर्ता ब्यापारीहरूले किशोरावस्थाका बालबालिकाहरूलाई यस्ता किसिमको दुर्व्यसनको शिकार बनाइरहेका छन् । उपलब्ध तथ्यांकका अनुसार नेपालमा धुम्रपान गर्नेहरूमध्ये १.२ प्रतिशत १५ वर्षभन्दा मुनिका बालबालिलिकाहरू रहेको पाइन्छ । लागूपदार्थ प्रयोग गर्नेहरूमध्ये २३ प्रतिशत १८ बर्षभन्दा कम उमेरका बालबालिकाहरू पाइएको छ । गाँजा, चरेस लगायत डेन्डाइट, बुट पालीस, पेट्रोल जस्ता पदार्थहरूको पनि यस कार्यमा अत्यधिक प्रयोग गर्ने गरेको पाइएको छ ।

**ज) पारिवारिक विछोड :** नेपालमा बालबालिकाहरू विभिन्न कारणले गर्दा पारिवारिक विछोड, परित्यक्तता तथा अभिभावकत्व विहीन बन्न पुगेका छन् । यसरी पारिवारिक विछोडमा परेका बालबालिकाहरू विभिन्न शारीरिक तथा मानसिक हिंसा एवं दुर्व्यवहारका शिकार हुने खतरामा त हुन्छन् नै साथै पहिचान, नागरिकता जस्ता अधिकारहरूबाट बञ्चित हुन्छन् । विशेषतः हराएका बालबालिका, श्रममा रहेका बालबालिका, सडकमा रहेका बालबालिका, विभिन्न होस्टल तथा बालगृहहरूमा रहेका बालबालिका, अपराधिक गिरोह तथा सशस्त्र समूहसँग रहेका बालबालिका, अपहरण तथा बेचबिखनमा परेका बालबालिकाहरू यस समूहमा पर्ने गर्दछन् । नेपालको जीवनस्तर सर्वेक्षण २००३ का अनुसार करिब ५ प्रतिशत बालबालिकाहरू आफ्नो घर गाउँ वा जन्मस्थान भन्दा पर बसिरहेका छन् भने ४ प्रतिशत बालबालिकाहरू परिवारसँग छुट्टिएर बस्नु परिरहेको छ ।

**झ) सडक बालबालिका :** सडक जीवन बिताइरहेका बालबालिकाहरू बाल संरक्षणको दृष्टिकोणले खतरामा रहेका तथा हिंसा दुर्व्यवहारका शिकार भएका बालबालिकाहरू हुन् । करिब ५ हजारको संख्यामा नेपालमा रहेका सडक बालबालिकाहरूको दैनिक जीवनयापन जोखिमपूर्ण छ । साथै यौन शोषण तथा दुर्व्यवहार, हिंसा तथा यातना, अपराधिकरण जस्ता कुराहरू भोग्न बाध्य भैरहेका छन् । जसको कारण उनीहरूको शारीरिक, मानसिक, सामाजिक तथा सम्वेगात्मक विकासमा नै गम्भीर असर पर्दछ ।

**ञ) बाल बिज्याइ तथा सजाय :** बालबालिकाहरूले गर्ने वा गर्न लगाउने कानुनद्वारा वर्जित कामहरू नै बालबिज्याइ हुन् । बालबालिकाहरूले गर्ने सानोतिनो चोरी, पकेटमारी, झगडा वा तोडफोड जस्ता कार्यहरूलाई बाल बिज्याइ अन्तर्गत लिइन्छ । बालबालिकाहरू यस्ता घटनाको सम्भावित परिणामहरूको बारेमा पुर्णतया जानकार हुँदैनन् । बाल विज्याइ विभिन्न परिवेश, सामाजिक संस्कार, उनीहरूप्रतिको ब्यबहार तथा वरिपरिको वातावरण र प्रविधिका माध्यमबाट प्रभावित भएर गर्ने गर्दछन् । यिनीहरूलाई सकारत्मक पहलकासाथ सुधारात्मक कार्य गर्नु जरूरी हुन्छ । नेपालमा हरेक वर्ष ८० भन्दा बढी बाल विज्याइका घट्नाहरू प्रहरी कार्यालयमा उजुरी पर्ने गरेका छन् ।

**ट) बाल विवाह :** बालविवाह नेपाली बालबालिकाहरूले भोग्नु परिरहेको प्रमुख समस्या हो । नेपालमा भएका कुल विवाहहरूमध्ये ४५ बालबिवाह हुने गर्दछ । बालविवाहका कारणबाट धेरै बालिकाहरूको प्रसव समस्याका कारण सानै उमेरमा मृत्यु हुने, सानै उमेरमा वयस्कको जिम्मेवारी सम्हाल्नुपर्दा उनीहरूको शैक्षिक, ब्याबहारिक, सामाजिक विकास तथा बालपनमा धेरै नकारात्मक प्रभावहरू पर्ने गरेका छन् । प्रजनन स्वास्थ्य, जीवनउपयोगी सिपहरू तथा किशोरावस्थाका बारेमा पर्याप्त जानकारी एवं परामर्श सेवाहरू नहुँदा धेरै किशोरशिोरीहरू पनि यस समस्याबाट पीडित भएका छन् । नेपालको कानुन अनुसार अभिभावकको सहमतिमा २० बर्ष उमेर नपुगी विवाह गर्न पाइदैन र अभिभावकको मन्जुरी बिना नै विवाह गर्न २२ बर्ष उमेर पुग्नु जरूरी छ ।

**ठ) परम्परागत कुरीति तथा हानिकारक ब्यबहारहरू:** नेपालमा रहेका विभिन्न धर्म सम्प्रदाय तथा जातजातीहरूमाफ परम्परागत रूपमाचलिआएका धेरे ब्यबहारहरू बालबालिकाको संरक्षणका हिसाबले हानिकारक छन् । यस अन्तर्गत भगवानका नाममा बालबालिकालाई मन्दिरमा चढाउने प्रथाहरू जस्तै देउकी, झुमा, महिनावारी भएका समयमा गरिने ब्यबहारहरू जस्तै छाउपडी, लिंग छेदन र योनी छेदन जस्ता कार्यहरू गलत हुन् यस्ता कार्यहरूलाई कानुनले पनि निषेधित गरेको छ ।

## २.३.१ परिणाम तथा असरहरू :

नेपालमा बालबालिका माथि भइरहेका यस्ता ब्यबहारहरूले गम्भीर नकारात्मक असरहरू जन्माइरहेको छ, जसले गर्दा नेपाली समाजमा आर्थिक, सामाजिक समस्या, द्वन्द्व तथा अपराधहरू भइरहेका छन् । यसका नकारात्मक प्रभावहरूका कारण जिम्मेवार र सक्षम नागरिकहरूको अभावमा दिगो शान्ति स्थापना तथा लोकतन्त्रको विकास र सम्वर्द्धनमा पनि असर पुगेको छ ।

नेपालमा गरिबी र सामाजिक भेदभाव एवं बन्चितीकरणको शिकार भएका समुदायका बालबालिबाहरू शैक्षिक एवं व्यक्तित्व विकासका अवसरहरू, स्वास्थ्य सुविधाहरू तथा पहिचान र जन्म दर्ता जस्ता न्यूनतम सुविधाबाट बन्चित भै बाल मृत्यु, अपांगता, अशिक्षा, अपराध तथा गरिबीको दुस्चक्रमा आफ्नो बालापन बिताउन वाध्य भएका छन् ।

- ➢ नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण २००६ अनुसार एक वर्षभन्दा कम उमेरका शिशुहरूको मृत्युदर ४८ प्रतिहजार रहेको छ भने ५ वर्ष मुनिका बालबालिकाको मृत्यु दर ६१ प्रतिहजार रहेको छ ।
- ➢ नेपालमा अझै पनि प्राथमिक कक्षामा ७ प्रतिशत बालबालिकाहरू विद्यालय आउनबाट बञ्चित छन् र विद्यालय भर्ना भएका १०० जना बालबालिका मध्ये करिब २२ जनाले मात्र विद्यालय शिक्षा पुरा गर्छन्, ७८ जनाले बिचैमा विद्यालय छाड्छन् ।
- ➢ नेपालका ६९ प्रतिशत बालबालिकाहरू कुनै न कुनै एक आधारभुत आवस्यकता (सरसफाई, सूचना, आवास, पानी, पोषण, शिक्षा र स्वास्थ्य) बाट बञ्चित रहेका छन् ।
- ➢ नेपालका ४९ प्रतिशत बालबालिकाहरूको पोषणयुक्त खानाको अभावमा उपयुक्त शारीरिक विकास हुन सकेको छैन ।
- ➢ नेपालमा करीब २१४३६ जना बालबालिकाहरू परिवार विहिन रहेको पाइन्छ भने २३११ जना बालबालिकाहरू वयस्क बिना आफैले मात्रै परिवारको चलाइरहेका छन् ।
- ➢ बालबालिका खोजतलास केन्द्र भृकुटिमण्डपको वार्षिक प्रतिवेदन २०६८ अनुसार आ.व. २०६७/०६८ मा मात्र २४३१ जना बालबालिका हराएकोमा १३४४ जना मात्र फेला परेको अभिलेख छ । हराएका बालबालिका मध्ये १०८७ जना बाकी छ जस मा बालिकाहरूको संख्या बढी रहेको पाइन्छ ।
- ➢ नेपालमा २१ लाख बालबालिकाहरू आर्थिक रूपले सक्रिय रहेका छन । जसमध्ये १ लाख २७ हजार बालबालिकाहरू निकृष्ट प्रकारको बालश्रममा संलग्न रहेका छन् ।
- ➢ विद्यालय गइरहेका बालबालिकाहरू मध्ये ४५ प्रतिशत तथा विद्यालय जान नपाएका बालश्रमिकहरू मध्ये ५६ प्रतिशत बालबालिकाहरूले कुनै न कुनै किसिमको यौन दुर्व्यवहार भोगेका बताइएको छ ।

***(स्रोत:*** *नेपाली बालबालिकाहरूको स्थिति, २०६८ के.वा.क.स, नेपाल श्रमशक्ति सर्वेक्षण २००८, Child poverty & Disparities in Nepal 2012, UNICEF and NPC, Silent suffering, CWIN 2003, Closed door suffering, CWISH 2005)*

## २.४ बाल सहभागिता भनेको के हो ?

बाल सहभागिता भन्नाले बालबालिकाले आफूसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूमा सूचना प्राप्त गर्ने, आफ्नो विचार भावना र अनुभव अभिब्यक्त गर्ने, उपयुक्त हुने सूचनाहरू साथी तथा अन्य बालबालिकालाई प्रसारण गर्ने, सँगठित हुने र बालबालिकाका अधिकारका लागि कार्य गर्ने र बालबालिकाको बिचार, सूचना, भावना, सँगठन र उनीहरूका सँगठन कार्यहरूलाई उपयुक्त मान्यता दिने प्रकृयालाई नै बाल सहभागिता भनिन्छ । बालबालिकाको सहभागिता एक्लै बालबालिका वा समूहमा दुबै तरिकाले हुन सक्दछ ।

बालअधिकार महासन्धि, १९८९मा उल्लेख भएका बालसहभागितासम्बन्धी अधिकारहरू

१. स्वतन्त्र विचारको अधिकार (धारा १२)
२. अभिव्यक्तिको अधिकार (धारा १३)
३. स्वतन्त्र आस्थाको अधिकार (धारा १४)
४. संगठनको अधिकार (धारा १५)
५. सूचनाको अधिकार (धारा १७)

## बालसहभागिता के हो ? के होइन ?

बाल सहभागिता के हो ?

- आफूसँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा, स्वास्थ्य, खेलकुद, निति नियम , कार्यक्रमका विषयमा सूचना माग गर्ने, प्राप्त गर्ने तथा प्रसार गर्ने ।
- बाल अधिकारका लागि तथा रचनात्मक एवं सृजनात्मक अभ्यासहरूका लागि स्वतन्त्र, समान र सुरक्षित एवं शान्तिपूर्ण ढंगले भेला हुने र सङ्गठित हुने ।
- बालबालिकाको सगठन तथा बालबालिकाको विषयसँग सम्बन्धित उनीहरूको कार्यक्रमहरूलाई उपयुक्त मान्यता प्रदान गरिनु ।
- बालबालिकासँग सम्बन्धित विषयहरू, निति, नियम तथा कार्यक्रमहरूमा बालबालिकाले विचारहरू अभिब्यक्त गर्नु र त्यसको सुनुवाइ गर्नु ।

बाल सहभागिता के होइन ?

- बालबालिकासँग प्रत्यक्ष सरोकार नराख्ने विषयहरू तथा कानूनद्धारा निश्चित तहको गोपनीयता कायम राख्नुपर्ने सूचानाहरू माग गर्ने, प्राप्त गर्ने तथा प्रसार गर्ने ।
- निश्चित समूहको मानिसहरूको विरूद्ध, हिंसाको सोचसहित, असुरक्षीत समय वा स्थानमा, तथा निश्चित समूहका बालबालिकालाई निषेध गरेर भेला हुने वा सँगठित हुने ।
- बालबालिकाको सगठनसँग वयस्कहरूको सँगठन सरह अपेक्षा गर्नु तथा बालबालिकाको विषयसँग असम्बन्धित उनीहरूको कार्यक्रमहरूलाई उपयुक्त मान्यताको माग गरिनु ।
- बालबालिकासँग असम्बन्धित विषयहरू, नीति, नियम तथा कार्यक्रमहरूमा पनि बालबालिकालाई बोल्न तथा विचारहरू अभिब्यक्त गर्न बहकाउनु तथा उत्तेजित बनाउनु ।

## २.५ बाल सहभागिता किन ?

- बाल सहभागिता बालबालिकाको मौलिक अधिकार हो । बाल अधिकार महासन्धिको धारा १३, १४, १५ र १७ मा यसको ब्यबस्था गरिएको छ ।
- बालबालिकाको सवालमा उनीहरूको अनुभव र विचारहरू नै प्राथमिक सूचनाहरू हुन् त्यसैले यस विषयमा उनीहरूको विचार र अनुभवलाई समेटिनुपर्दछ ।
- आफ्नो विषयमा कसले के काम गर्दैछ र किन गरिदैंछ भनेर थाहा पाउनु सबै मानिसहरूको अधिकार हो त्यसैले यो बालबालिकाको पनि अधिकार हो ।
- आपसमा मिलेर सिर्जनात्मक अभ्यास तथा रचनात्मक कार्यहरू गर्नाले बालबालिकाको सामाजिक, नैतिक, सम्वेगात्मक तथा बौद्दिक ब्यक्तित्वको पनि विकास हुन्छ ।
- बालबालिकाका लुकेर रहेका समस्याहरू तथा असल अभ्यासहरू उनीहरूले नै उजगार गर्न सक्छन् ।
- सहभागितात्मक अभ्यासले बालबालिकाहरूलाई सानै उमेरदेखि फरक विचार, आस्था र मतको सम्मान गर्न, विविधताबिचमा रहेर कार्य गर्न तथा शान्तिपुर्ण र लोकतान्त्रिक विधिद्धारा विवादहरूको समाधान गर्न सिकाउँछ । त्यसैले बाल सहभागिताले शान्ति र लोकतन्त्रको प्रवर्द्धन गर्दछ ।
- सहभागितात्मक अभ्यासबाट आफ्नो कर्तब्य निर्वाह गर्ने र अधिकारको माग गर्न सिक्ने हुँदा आजका बालबालिकाहरू भोलिका सचेत र सक्षम नागरिक हुन्छन् ।

## २.६ बाल सहभागिताका सहयोगी र बाधक पक्ष :

सहभागिता प्रक्रिया र विधिमा आधरित हुने भए पनि मूलतः मानवीय विषय हो । यसैले बालसहभागिताका विभिन्न अभ्यासमा बालबालिकाको वैयक्तिक व्यक्तिका रूपमा रहेको अस्तित्व र अधिकारलाई सबैभन्दा बढी महत्व दिइनुपर्छ । नेपाली समाज परम्परागत रूपमा सामन्ती संस्कार भएको समाज हो । गाउँको मुखिया, अड्डाको हाकिम वा घरको मुलीको हैकममा चुनौती नदिने परम्परा नेपाली समाजमा अझै व्याप्त छ । यस्तो अवस्थामा बालबालिकाका कुरा सुन्ने र उनीहरूलाई सम्पत्ति ठान्ने वा तह लगाएर राख्नुपर्छ भनेर मान्ने मानसिकतामा परिवर्तन भएन भने बालअधिकारको उपभोग हुन सक्तैन । बालअधिकारले महत्व र मान्यता पाएन भने बालसहभागिता पनि व्यापक र सुदृढ हुन सक्तैन । बाल सहभागिता नभए बाल संरक्षणका सवाल र यसको सम्बोधनका लागि बालबालिकाबाट सहयोग प्राप्त हुदैन । उनीहरूका रचनात्मक विचारहरू कुण्ठित हुन सक्छन् । यसैले सबैभन्दा पहिले बालबालिकालाई व्यक्ति मान्ने र उनीहरूको पनि आफ्नो इच्छा हुन्छ, बालबालिका पनि निर्णय लिन समर्थ हुन्छन् र उनीहरूको आफ्नो अलग्गै व्यक्तित्व हुन्छ भन्ने स्वीकार गर्नु

आवश्यक छ । बालबालिका विकास र शासनमा सहभागी हुन सक्तछन् । उनीहरू अहिले निगरानीदेखि नीति निर्माणसम्ममा र विद्यालयको सरसफाइदेखि समुदायमा सामाजिक सेवाको आपूर्तिसम्मका काममा सरिक भइरहेका छन् । सुरूमा विद्यालय वा समुदायभित्र खेल र सामान्य सरसफाइमा सीमित बालसहभागिताको क्षेत्र बिस्तारै व्यापक र जटिल हुँदै गएको छ । बालसहभागिताको विषयलाई मानवीय पक्षका रूपमा हेरेर मात्र विवेचना गरिनुपर्छ । बालबालिकामा पनि आधारभूत मानवीय कमजोरी र खुवी दुवै हुन्छ । यस्तै उनीहरूको सहभागिता पनि मानवीय पक्ष हुनाले वस्तुगत र विषयगत दुवै हुन्छ । सबैभन्दा पहिले बालसहभागिता मानवीय विषय हो भन्ने ख्याल राख्नुपर्छ ।

सहभागितालाई बालबालिकाको मौलिक अधिकारका रूपमा लिएमा मात्र बालसहभागिताको अभ्यास सार्थक हुनसक्ने र बाल संरक्षणका लागि यसले उल्लेख्य योगदान पुऱ्याउन सक्छ । बाल संरक्षणका लागि बाल सहभागिता कसरी गर्ने भन्ने विषयमा प्रष्ट हुनका लागि यसका सहयोगी र बाधक तत्वहरूको पहिचान हुनु आवश्यक छ ।

## २.६.१ सहभागिताका सहयोगी पक्ष :

### क) बालअधिकारको सम्मान :

परिवार, समाज र राज्यमा बालअधिकारको सम्मान गर्ने संस्कृतिको विकास हुन सकेमा बालसहभागिताको अभ्यास पनि बढेर जान्छ । सही अर्थमा बालसहभागिताको अभ्यास हुन/गराउन सकेमा अरू बालअधिकारको कार्यान्वयनमा पनि सहयोग पुग्छ । यस्तै सहभागी बालबालिकाको व्यक्तिको विकासमा पनि यस अभ्यासबाट सहयोग पुग्छ । यसैले परिवार, समुदाय र राष्ट्रमा बालअधिकारको सम्मान गर्ने संस्कारको विकास हुनु आवश्यक छ । यसले बालसहभागिता प्रवर्द्धन गर्न सहयोग पुऱ्याउँछ । बाल संरक्षणका लागि बालबालिका स्वयंसँग सहकार्य गर्न मद्दत मिल्छ ।

### ख) बालबालिकाको सर्वोत्तम हित :

बालसहभागिता बालबालिकाको हितमा हुनुपर्छ । त्यसबाट उनीहरूलाई प्रत्यक्ष लाभ पुगेको हुनुपर्छ । बाल अधिकार संरक्षणमा सहयोग पुगेको हुनुपर्छ । बालसहभागिताका कुनै पनि क्रियाकलापले बालबालिकामाथि बोझ बढ्ने वा उनीहरूको शारीरिक मानसिक विकासमा प्रतिकुल प्रभाव पार्ने हुनुहुँदैन । यस्तै यसबाट बालसहभागिताको अभ्यास गर्दा उनीहरूको शारीरिक तथा मानसिक स्वास्थ्यमा कुनै पनि नकारात्मक प्रभाव पर्न नदिन पनि उत्तिकै सजग हुनुपर्छ । मूलतः बालसहभागिताका बारेमा निर्णय गर्नुपूर्व नै त्यसबाट सरोकारवाला बालबालिकाको हित हुने सुनिश्चित गरिनुपर्छ ।

## ग) लोकतान्त्रिक विचार र व्यवहार :

बालसहभागिताका लागि बालबालिकालाई परिवारको सम्पत्ति वा वस्तुका रूपमा हेर्ने दृष्टिकोणमा परिवर्तन आवश्यक छ । बालबालिकालाई हेर्ने दृष्टिकोण मानवअधिकारमुखी नभएमा बालसहभागिताको पनि अभ्यास हुन सक्तैन । यसका लागि लोकतान्त्रिक सिद्धान्त र व्यवहार स्वीकार गरिनुपर्छ । सरोकारवालाहरू नै कुनै पनि काम वा विषयका मालिक हुन् । आफूसँग सरोकार भएको विषय वा निर्णयमा पूर्णरूपमा सहभागी हुन पाउनु उनीहरूको आधारभूत मानवअधिकार हो भन्ने यथार्थ स्वीकार गरेमा बालसहभागिताको पनि बाटो फराकिलो हुन्छ । लोकतान्त्रिक विचार र पद्धतिले बाल संरक्षणसम्बन्धी सवालका प्रमुख सरोकारवाला बालबालिकालाई निर्धक्कतापूर्वक आफ्ना आवाजहरू उठाउनका लागि उपयुक्त परिवेश तयार गर्दछ । यसैले लोकतान्त्रिक पद्धति र मानव अधिकारको सम्मान नै बालसहभागिताको पहिलो आधार हो ।

## घ) पारदर्शिता :

बाल संरक्षणका सवालहरूका गराइने बालसहभागिताका निर्णय र निर्णय प्रक्रिया दुवै पारदर्शी हुनुपर्छ । पारदर्शिताले त्यसको प्रतिफलको वितरण न्यायपूर्ण बनाउन पनि सहयोग पुऱ्याउँछ । पारदर्शिता भएमा सरोकारवाला बालबालिकाले आफ्नो योगदान र प्रतिफलको मूल्यांकन आफैं गर्न सक्तछन् । बालबालिकालाई सहभागिताको अभ्यास र यसका लाभहरूका सम्बन्धमा सकारात्मक धारणाको विकास गर्न पनि सहयोग पुग्नेछ । यसबाट उनीहरूमा आत्मविश्वास जाग्छ । पारदर्शिताले सहभागीको प्रतिबद्धता र उत्साह बढाउने हुनाले बालसहभागिताका लागि यो महत्वपूर्ण आधार बन्न सक्तछ ।

## ङ) दिगोपना, निरन्तरता र व्यवस्थितता :

बालसहभागिताको संरचना र योजना लहड र रहरमा बनाउनु हुँदैन । सहभागी हुने बालबालिकाको सुसूचित निर्णयमा मात्र बालसहभागिताका कार्यक्रम र संरचना निर्माण गर्नुपर्छ । रहर, लहड र अर्कै उद्देश्यका निम्ति बालसहभागिताको योजना वा संरचना बनाइयो भने त्यो दिगो हुँदैन । बालसहभागिताका उद्देश्यले निर्मित योजना वा संरचना दिगो भएन भने बालबालिकामा सहभागिता नै निरर्थक अभ्यास हो कि भन्ने भ्रम पर्न सक्तछ । यस्तो छाप बालबालिकामा पऱ्यो भने त्यो प्रत्युत्पादक हुनसक्ने हुनाले बालसहभागिताको व्यवस्थापनका क्रममा त्यसको दिगोपनमा विशेष ध्यान दिनुपर्छ । यस प्रकारको सहभागिताले बाल संरक्षणका सवालहरूको सम्बोधनलाई परिणाममुखी बनाउन मद्दत मिल्छ ।

## च) स्वतःस्फुर्तता :

बालसहभागिता अरूको खटनमा हुनु हुँदैन । बालबालिका आफैंले निर्णय गरेर स्वतःस्फुर्त रूपमा संगठित हुने वातावरण भएमा बालसहभागिताको अभ्यास

बढेर जानेछ । अरूको खटनमा संलग्न हुनु वा परिचालित हुनु सहभागिता होइन । अरूको खटनपटनमा भएको बाल सहभागिताले बाल संरक्षणका सवालहरूका आवाज उठाउने कार्यमा उनीहरूलाई क्रियाशील बनाउन सकिदैन । अरूले अह्राएका भरमा गरिएको कार्य स्वभावतः प्रभावकारी हुँदैन । अतः बालसहभागिता बढाउनका लागि बालबालिका संगठित हुन सहज हुने वातावरण निर्माण गर्नुपर्छ ।

### छ) समानता तथा समावेशीकरण एवं भेदभावरहीतपना :

सबै बालबालिकाहरू कानुन र अधिकारका दृष्टिले समान छन् । विभिन्न सामाजिक, सास्कृतिक तथा भौगोलिक कारणहरूले गर्दा निश्चित स्थान सम्प्रदाय वा समूहका बालबालिकाहरू अन्य बालबालिकाहरू सरह प्रतिस्पर्धामा नआउन सक्छन । त्यसकारण बाल सहभागिताको अभ्यासमा यस किसिमका सामाजिक, भौगोलिक कारणहरूले अगाडि देखिन नसकिने बालबालिकाहरूको पनि समान प्रतिनिधित्व र सहभागिताका निम्ती ध्यान दिइनु पर्दछ । यसका लागि बाल सहभागिताका अभ्यासका क्रममा लागू गरिएका नीति, नियम परम्परा आदिले कुनैपनि बालबालिकाहरूको वञ्चितिकरणलाई प्रोत्साहन नगरोस भन्ने तर्फ सचेत हुनु जरूरीछ ।

## २.६.२ बालसहभागिताका बाधक तत्वहरू :

नेपाली समाजमा विद्यमान सामन्ती भ्रमका कारण ठालुहरूको मात्र काम ठानिएको नीति वा कार्यक्रम तय गर्ने कार्यमा बालबालिका सहभागी हुन थाल्दा शासकहरूले आफ्नो एकलौटी हैकम खोसिएको ठान्न सक्तछन् । त्यसमा पनि सरकारी कर्मचारी र विशेषज्ञहरूको पेवा ठानिएको नीति र कार्यक्रम तय गर्ने कार्यमा बालबालिका सहभागी हुने विषयलाई सहज रूपमा लिन उनीहरूलाई कठिन हुन सक्तछ । मुलतः लोकतान्त्रिक अभ्यास र संस्कार कमजोर भएको समाजमा शासन वा विकासमा सामान्य जनताको सहभागिताको अधिकार स्वीकार गर्ने नै सरकारी अधिकारी र समाजका ठालुहरू तत्पर देखिदैनन् । यसैले अलोकतान्त्रिक सोच र कार्यशैली बालसहभागिताको बाटामा मुख्य तगारो हो । प्रमुख सरोकारवालाहरू नै निष्क्रिय रहेको स्थितिमा उनीहरूको अधिकारको संरक्षणका सवालहरू ओझेलमा पर्न सक्ने संभावना प्रसस्त रहन्छ ।

### क) अलोकतान्त्रिक विचार :

शासन वा विकासमा निर्णायक र सक्रिय रूपमा सहभागी हुनपाउने सरोकारवालाको अधिकार हुन्छ भन्ने लोकतान्त्रिक मान्यता हो । बालसहभागिता पनि उनीहरूको अधिकार भएकाले यही लोकतान्त्रिक मान्यताबाट प्रेरित रहेको छ । शासन पद्धति र शासकहरूको चिन्तन तथा व्यवहार लोकतान्त्रिक नभए

सहभागिता सार्थक हुन सक्तैन । यस्तो सोच वा दृष्टिकोणले बाल संरक्षणका सवालहरूका बारेमा बालबालिकाहरूले उठाउने आवाजलाई निरूत्साहन गर्दछ । अर्थात् मुलुकको राजनीति, शासन पद्धति तथा समुदायको मानसिकता र अभ्यास लोकतान्त्रिक नभएमा सहभागिताको पनि अभ्यास हुन सक्तैन । यसैले बालसहभागिताको क्रममा देखापर्ने पहिलो र मुख्य अवरोध अलोकतान्त्रिक सोच र व्यवहार हो ।

## ख) सामन्ती संस्कार :

नेपाली समाज मुलतः खटन र हैकममा अभ्यस्त छ । शक्ति र साधनमा राज्य वा केन्द्रको एकाधिकार रहन्छ भन्ने मानसिकता सरकारी पदाधिकारी र राजनीतिक नेताहरूमा पाइन्छ । हैकम र हुकुमको परम्परामा हुर्केको ठालुहरूको समूहका लागि बालबालिकाको सहभागिताको अधिकार स्वीकार गर्न कठिन हुन्छ । सरोकारवालाको सहभागिताको अधिकार स्वीकार गर्ने बित्तिकै ठालुहरूको एकाधिकार समाप्त हुन्छ । सहभागिताको अभ्यास बढेर गएमा समाजमा विद्यमान आर्थिक–सामाजिक असमानता र शोषणको जग पनि हल्लिन्छ । समाज र शक्तिको पुरानो संरचना कायमै राख्नुपर्छ भन्ने मानसिकता सामन्ती संस्कारको उपज हो । सामाजिक संरचना खलबलिन नदिने नाममा परम्परागत हैकम कायमै राख्ने सोच बालसहभागिताको बाटोमा पर्ने अर्को तगारो हो ।

## ग) भेदभाव र तिरस्कार :

बालसहभागिताको मार्गमा अर्को तगारो सामाजिक रीतिस्थिति र अलोकतान्त्रिक नियम कानुन पनि हुने गरेका छन् । रीतिस्थिति, परम्परा र चालचलनका नाममा कमजोरहरूलाई हेप्ने र सहभागी हुने अवसर नदिने गरिएको हुन्छ । सहभागिताको अधिकारबाट वञ्चित गरिने आधार उमेर, जाति, वर्ग, लिंग र क्षेत्र हुने गरेको देखिन्छ । विकास र शासनका अभ्यास तथा प्रक्रियामा बालबालिकालाई उमेरका आधारमा भेदभाव गरी सहभागी हुने तिनको अधिकार खोसिन्छ । बालबालिकालाई सहभागी हुन नदिन गरिने भेदभाव र बालबालिकाको राय र धारणाको उपेक्षा गरिदा उनीहरूले तिरस्कार गरिएको ठान्छन् । अर्थात् भेदभाव र तिरस्कार गर्ने चलनले बालबालिकालाई परिवार, समुदाय र शासकीय निकायहरूमा सहभागी हुने अवसर खोसेको हुन्छ । यस्तो परिवेशमा बाल संरक्षणका सवालहरूको हल गर्ने होइन की बरू उनीहरूको आवाजलाई दमन गरिएको हुन्छ ।

## घ) करकाप, ललाइ फकाइ तथा उत्तेजित बनाउने :

सहभागिता बालबालिकाको अधिकार हो । यसैले बालसहभागिता स्वेच्छिक हुनुपर्छ । सहभागिताका नाममा विद्यालय वा समुदायमा बालबालिकालाई कुनै काममा संलग्न हुन खटाउने कार्य पनि बालसहभागिताका मार्गमा अवरोध हो । करकाप र खटनमा सहभागी बनाइएका बालबालिकामा सहभागिता शब्द नै

मन नपर्ने भाव उत्पन्न हुन सक्तछ । अरू कसैको खटन वा आदेशमा संलग्न गराइएमा बालबालिकाले त्यस्तो कामलाई आफ्नो ठान्दैनन् ।

बाहिरबाट थोपरिएको निर्णय र आदेशमा बालबालिकालाई परिचालन गर्ने चलन अर्थात् करकापको अभ्यास पनि बालसहभागिताका मार्गको अवरोध हो । बालबालिकाले आफैंले छानेको वा रोजेको काममा भएको संलग्नता मात्र बालसहभागिता मानिने हुनाले अह्राेट वा करकाप पनि बालसहभागिताका निम्ति एउटा बाधा नै हो । गाउँघरको स्थिति बसाउन गाउँलेहरू मिलेर गरिने निर्णय सहभागिताको परम्परागत रूप हो । तर यस्तो प्रक्रियामा ठालुहरूको प्रभुत्व र निर्णायक हैसियत हुने हुनाले त्यसलाई सहभागिता मान्न सकिन्न । सहभागिता मानिनका लागि सहभागी सबैको समान महत्व र हैसियत हुनुपर्छ । समानता लोकतान्त्रिक पद्धतिको उत्तम र अभिन्न अंग हो ।

कसैले खटाएको वा अराएको भरमा कुनै काममा संलग्न हुनु सहभागिता होइन । बालबालिकालाई उनीहरूको इच्छा नभएको वा निर्णयमा उनीहरूको सहभागिता नभएको काममा संलग्न वा परिचालित गरेर त्यसलाई बालसहभागिताको नाम दिंदा उनीहरूमा सहभागिता शब्दप्रति नै वितृष्णा उत्पन्न हुन सक्तछ । यस प्रकारको क्रियाकलापले बालसहभागितालाई कमजोर बनाउने हुनाले यसको बालसहभागिताको अभ्यासका क्रममा अह्राेट वा खटनपटन हुनुहुँदैन ।

## ङ) पारिवारिक असहयोग

बालबालिकालाई घरबाहिर वा विद्यालयको नियमित पढाइबाहिरका क्रियाकलापमा सहभागी हुन प्रोत्साहित नगर्ने परिवारका वयस्क सदस्यहरूको प्रवृत्तिले पनि बालसहभागितामा बाधा उत्पन्न गर्छ । बालक्लबहरूमा सहभागी हुँदा समय बर्बाद हुन्छ र बालबालिका बिग्रन्छन् भन्ने धारणा धेरै वयस्कहरूमा पाइन्छ । परिवारमा बालबालिकामाथि वयस्कको निर्णय थोपर्ने गर्दा उनीहरूलाई अरू गतिविधिमा पनि सहभागी हुने उत्साह हँदैन । बालबालिकाले कुनै विषयमा चासो देखाए भने केटाकेटी बाठो हुने होइन भनेर हतोत्साही गर्ने प्रचलन पनि बाल सहभागितामा बाधक हुन्छ ।

## २.७ बालसहभागिता कसरी ?

बालसहभागिता नयाँ अवधारणा हो । विकास वा शासनका गतिविधिमा सहभागी हुन पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । बालसहभागिता अहिले नागरिक अधिकारको प्रयोग हो भने भविष्यका लागि लोकतान्त्रिक अभ्यासको प्रशिक्षण र दीक्षा पनि हो । बालसहभागिताका लागि बालबालिकालाई आफ्ना बारेमा विचार गर्न, आफ्नो विचार व्यक्त गर्न र अरूसँग सकारात्मक रूपमा छलफल गर्न समर्थ र उत्साहित बनाउनु आवश्यक हुन्छ । बालसहभागिताको मुल उद्देश्य बालबालिकालाई व्यक्ति र नागरिक समाजको सदस्यका रूपमा

आफ्ना विचारहरू प्रभावकारी तरिकाले राख्न र आफूसँग सरोकार हुने निर्णयलाई प्रभावित गर्न समर्थ तुल्याउनु मानिन्छ । यसका लागि समुदायका वयस्क सदस्यहरूको सहयोग र संलग्नता पनि आवश्यक हुन्छ । लोकतान्त्रिक पद्धतिलाई आत्मसात् गरेपछि बालसहभागिताको ढोका खुल्छ । निम्न लोकतान्त्रिक अभ्यासहरूबाट सहभागिताको बालअधिकारको उपयोग सुनिश्चित हुनसक्ने देखिन्छ :

## क) निर्णय प्रक्रिया र विधिमा सहभागिता गराएर :

बालबालिकासँग प्रत्यक्ष सम्बन्ध भएको र उनीहरू बसोबास गर्ने समुदायलाई प्रभावित गर्ने शासन वा विकासका योजना तर्जुमालगायतका कुनै पनि निर्णयमा सहभागी बनाएर बालसहभागितालाई सार्थक बनाउन सकिन्छ । विशेष गरी स्वास्थ्य, शिक्षा, सामाजिक सेवाका अरू विषयहरू र वातावरण तथा प्राकृतिक साधनको उपभोगका योजना तर्जुमाका क्रममा बालबालिका एवं युवाहरूलाई सहभागी गराउनुपर्छ । यी सबै बालबालिका र उनीहरूको परिवेशलाई प्रत्यक्ष प्रभाव पार्ने सवाल हुन् । यस्ता सबालहरूमा बालबालिकाका कुरा सुन्ने र महत्व दिने गरेर बालसहभागिता बढाउन सकिन्छ ।

## ख) कार्यान्वयनमा संलग्न गराएर :

योजनाको कार्यान्वयन चरणमा पनि बालसहभागिता हुनुपर्छ । यसको अर्थ शारीरिक श्रम वा आर्थिक सहयोग वा अरू प्रकारले संलग्न गराउनु भन्ने होइन । योजना वा कार्यक्रम कार्यान्वयनका क्रममा हुने गरिने कामकारबाहीको रेखदेख र नियन्त्रणमा पनि बालबालिका सहभागी भएमा मात्र बालसहभागिता भन्न मिल्दछ । आफ्नो निर्णयमा भएको काममा अपनत्व हुन्छ । बालबालिकाले आफू संलग्न भएका योजनालाई भविष्यमा पनि आफ्नो ठान्छन् । यसो भएमा योजना दिगो हुनसक्तछ ।

विकास योजना कार्यान्वयनका क्रममा हुने भ्रष्टाचारको नियन्त्रणका लागि कार्यान्वयनको अभ्यास र प्रक्रिया पारदर्शी तथा उत्तरदायी हुनुपर्छ । सरोकारवालाको निर्णायक सहभागिता भएमा योजना कार्यान्वयनमा पारदर्शिता बढ्छ । पारदर्शिता बढ्यो भने भ्रष्टाचार घट्छ । पारदर्शिता र भ्रष्टाचारका बीचमा नकारात्मक सहसम्बन्ध हुने हुनाले बालसहभागिताले भ्रष्टाचारको सम्भावना घटाउँछ । साथै सरोकारवालाको प्रभावकारी सहभागिता भएमा सेवा वा वस्तुको गुणस्तर कायम गर्न, आपूर्ति सुनिश्चित गर्न तथा वितरण न्यायपूर्ण बनाउन पनि सजिलो हुन्छ भन्ने मानिन्छ ।

## ग) स्वामित्व सुम्पेर :

बालबालिकालाई उनीहरूसँग प्रत्यक्ष सरोकार राख्ने योजना वा कार्यक्रमको जिम्मा दिएर पनि बालसहभागिता बढाउन सकिन्छ । हुनत, योजना तर्जुमाको

चरणदेखि नै प्रक्रिया र अभ्यासमा सही अर्थमा बालसहभागिता भयो भने स्वामित्व हस्तान्तरणको प्रक्रिया औपचारिक मात्र हुनपुग्छ । सरोकारवाला आफैंले तर्जुमा र कार्यान्वयन गरेको योजनाको स्वामित्व भावनात्मक रूपमा पहिले नै ग्रहण गरिसकेका हुन्छन् । तैपनि सरोकारवालाले आधिकारिक रूपमा नै आफ्नो ठानुन् भनेर विधिवत् स्वामित्व हस्तान्तरण गरिने हो । आफूमाथि लागू हुने नियम बनाउने र लागू गर्ने जिम्मेवारी र अधिकार सरोकारवाला बालबालिकालाई सुम्पेर शासनमा स्वामित्व हस्तान्तरणको अभ्यास गर्न सकिन्छ । स्वामित्व हस्तान्तरणपछि सरोकारवालाहरू नै निर्णायक हुने हुनाले पारदर्शिता र उत्तरदायित्वको मात्रा पनि बढ्छ । यी दुवै असल शासनका महत्वपूर्ण आधार हुन् ।

## घ) सरोकारवालाको मान्यता दिएर :

बालसहभागिता बढाउन बालबालिकालाई सरोकारवालाको मान्यता दिनुपर्छ । निर्णय गर्ने अधिकार त्यस निर्णयबाट प्रभावित हुनेहरू वा तिनका प्रतिनिधिलाई मात्र हुन्छ भन्ने मान्यता लोकतन्त्रको मूल मर्म हो । प्रतिनिधित्व बिना कर नतिर्ने अमेरिकाली स्वतन्त्रता संग्रामको मुल भावनाले यसैको पुष्टि गरेको छ । बालबालिकालाई सरोकारवालाका रूपमा सहभागी गराउनुको अर्थ उनीहरूलाई विकास वा शासनका कुनै पनि विषयमा आन्तरिक अवयवका रूपमा लिनु हो । सहभागी बालबालिका खटाएअनुसार गर्ने रैती हैनन्, बाहिरबाट थोपरिएका सल्लाहकार वा विकासे पाहुना पनि हैनन् बरू सरोकारवालाका रूपमा निर्णयका हकदार हुन् भन्ने अवधारणा अपनाइएमा बालसहभागिता प्रभावकारी हुन सक्तछ ।

## ङ) निगरानीकर्ताका रूपमा :

कुनै केन्द्र वा सत्तालाई मात्रै निर्णय प्रक्रियामा सर्वोपरि ठान्ने परम्परागत सामन्ती मान्यताका कारण बालबालिकालाई निगरानीकर्ताका रूपमा स्वीकार गर्न सत्ताधारीलाई अप्ठेरो लाग्न सक्तछ । सत्ताधारी भनेको राज्यको शासकमात्र हैन समाज, परिवार र संस्थाहरूका ठालुहरू पनि हुन् । लोकतान्त्रिक शासन पद्धतिमा भने सरोकारवालालाई नै सर्वोपरि मान्ने गरिन्छ र निगरानी गर्ने अन्तिम अधिकार सरोकारवालाको हो भन्ने स्वीकार गरिन्छ । परम्परागत शासन पद्धतिमा निगरानीका लागि निकायहरूको निर्माण र नियमहरूको तर्जुमा गर्दा निगरानीकर्ताका रूपमा सरोकारवालालाई सहभागी गराउने ठाउँ बनाएको देखिंदैन । निगरानीको दायित्व र अधिकार सरोकारवालाले लिएमा विकास वा शासनको अनुगमन, मूल्यांकन र सुपरिवेक्षण कार्य भरपर्दो र अभ्यास सरल हुन्छ । यसले प्रतिफलमा जनताको पहुँच निश्चित गर्ने मात्र हैन मानवअधिकारको रक्षामा पनि सहयोग पुऱ्याउँछ । बालसहभागिताको अभ्यास निगरानीकर्ताका रूपमा सहभागी गराएर पनि हुन सक्तछ । अहिलेसम्म सामान्यतः

बालसहभागिताको अभ्यास गराईदा पनि योजना तर्जुमा र कार्यान्वयनका चरणमा मात्र सहभागी गराएको देखिएको छ ।

## च) मूल्यांकन प्रक्रियामा बालसहभागिता गराएर :

बालबालिका कुनै पनि योजना वा कार्यक्रमको मूल्यांकन प्रक्रियामा सहभागी हुन सक्तछन् । बालबालिका सम्बन्धी योजना वा कार्यक्रमहरूको मूल्यांकनमा सहभागी हुने त उनीहरूको अधिकार नै हो । बालबालिकासम्बन्धी कार्यक्रमका सरोकारवालामध्ये उनीहरूको मूल्यांकन अझ बढी सही, सान्दर्भिक र उपयोगी हुन सक्तछ । मूल्यांकन प्रक्रियामा बालसहभागितालाई परियोजना वा कार्यक्रम तर्जुमाका अवस्थामा नै समावेश गर्नु उपयुक्त हुन्छ ।

## छ) औपचारिक संरचनाका अभ्यासहरूमा बालसहभागिता गराएर :

स्थानीय निकायले आफ्नो योजना तर्जुमाका क्रममा हुने परिषद्हरूको बैठकमा आफ्नो क्षेत्रमा कार्यरत बालबालिकाका प्रतिनिधिलाई पनि संलग्न गराएर उनीहरूको सहभागितालाई संस्थागत रूप दिन सक्तछन् । यसैगरी स्थानीय स्तरमा गरिने सामाजिक सेवाको आपूर्तिको व्यवस्थापनमा पनि बालबालिका सहभागी हुन सक्तछन् । बालबालिका अन्तर्वैयक्तिक सञ्चारका प्रभावकारी माध्यम मानिन्छन् । जनस्वास्थ्यका विषयहरूमा चासो जगाउन र चेतना फैलाउने कार्यक्रमहरूको बालबालिकाले प्रभावकारी रूपमा कार्यान्वयन गरेको पाइएको छ । बालबालिकालाई क्षेत्रीय एवं राष्ट्रिय स्तरको नीति निर्माण वा योजना तर्जुमा प्रक्रियामा सहभागी गराउनु उत्तम अभ्यास हो । तर यसका लागि एक वा केही बालबालिकालाई सहभागी गराउनुभन्दा एउटा निश्चित प्रक्रृियाका आधारमा सबै क्षेत्र वा वर्गका बालबालिकालाई प्रतिनिधित्व गर्ने संरचनाको विकास गर्नुपर्दछ ।

## ज) निर्णायक भूमिका गराएर :

सहभागिता भनेको निर्णय, कार्यान्वयन, र मूल्यांकन प्रक्रियामा सरोकारवालाको निर्णायक संलग्नता हो । सरोकारवालालाई सबै प्रक्रियामा संलग्न गराइए पनि उनीहरूको भूमिका निर्णायक नभएमा त्यो सहभागिता मानिदैन । बालबालिका नै मुख्य सरोकारवाला भएका विषयमा उनीहरूको भूमिका निर्णायक भएमा मात्र बालसहभागिता भन्न सकिन्छ । केही वर्षयता विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूले बालसहभागितालाई परियोजनाको एउटा क्रियाकलापका रूपमा समावेश गर्ने गरेको देखिएको छ । यसरी बालबालिकालाई साक्षी मात्र राख्ने कार्य बालसहभागिता होइन । यसैगरी बालबालिकालाई संलग्न गराइएका अधिकांश विकास योजना र कार्यक्रम वयस्कहरूको सरोकारको विषय हुने गरेको पाइन्छ । वयस्कहरूले आफ्ना कुराहरू बालबालिकाका नाममा भन्ने वा गर्ने गरेको पनि पाइन्छ । दायित्ववाला वयस्कहरूले पूरा

गर्नुपर्ने कर्तव्यलाई अधिकारवाला बालबालिकाको काँधमा बोकाउने कार्यले बालसहभागिता बढाउँदैन । बालसहभागिता एउटा प्रक्रिया हो भने साध्य पनि हो । यसैले बालसहभागिताका प्रक्रियामा उनीहरूको भूमिका निर्णायक हुनुपर्छ ।

### झ) पारिवारिक तथा सामुदायिक प्रोत्साहन गरेर :

बालसहभागिता प्रवर्द्धन गर्नका लागि सबैभन्दा पहिले पारिवारिक वातावरण नै सकारात्मक हुनुपर्छ । परिवारमा हुने निर्णयमा बालबालिकालाई सहभागी गराउने र उनीहरूको धारणालाई सम्मान गर्ने गरिएमा सहभागिताको अभ्यास यथार्थमा सुरू हुन्छ । यसैगरी घरबाहिर समूह वा क्लबहरूमा बालसहभागिताको अभ्यासमा सहभागी हुने बालबालिकालाई पारिवारले प्रोत्साहित गरेमा पनि बालसहभागिताको अभ्यास बढ्न सक्तछ । बालबालिकालाई उमेरका आधारमा तिरस्कार गर्ने र उनीहरूको धारणालाई उपेक्षा गर्ने प्रवृत्तिको अन्त्य गरेर अभिभावकहरूले बालसहभागिताको बालअधिकार उपभोग गर्न सहयोग गर्न सक्दछन् ।

# खण्ड-तीन

## बाल संरक्षणका
## लागि
## बाल सहभागिता

## ३.१ बाल संरक्षणका लागि बाल सहभागिता भनेको के हो ?

बालबालिकाहरूको प्रत्यक्ष संलग्नता, सहभागिता र सुझावमा बालबालिकाको संरक्षणका सवालहरूको पहिचान, प्राथमिकीकरण, संरक्षण न्यायिक तथा पुनर्स्थापना कार्य, जोखम न्युनीकरण एवं समस्या सम्बोधनका लागि नीतिनियम तथा कार्यक्रमहरूको पैरवी, निर्माण, कार्यान्वयन, अनुगमन, मूल्यांकन र समीक्षा तथा प्रचार प्रसारको प्रकृयालाई नै बाल संरक्षण कार्यमा बाल सहभागिता भनिन्छ । बालबालिका तथा बाल समूहहरूकै सहभागितामा बालबालिकामाथिको दुर्व्यवहार, उपेक्षा, हिंसा र शोषणको रोकथाम तथा सम्बोधन गर्नका लागि काम गर्नु पनि बाल संरक्षणका लागि बाल सहभागिता हो ।

## ३.२ बाल संरक्षणका लागि बाल सहभागिता किन ?

बालबालिकाले वयस्कहरूको भन्दा बढी साथीहरूको विश्वास गर्ने गर्दछन् र उनीहरू एकआपसमा रमाऊछन पनि । बालबालिकालाई आइपर्ने जोखिमहरूको वारेमा साथीहरू वा बालबालिकाहरूलाई नै बढी थाहा हुने र अनुभव तथा घटनाहरू पनि एक आपसमा आदानप्रदान हुने हुँदा यस कार्यमा बाल सहभागिता बढी प्रभावकारी हुनेगर्दछ । यसका लागि तलका बुंदाहरूले थप स्पष्ट हुन मद्दत गर्दछन् ।

- वयस्कहरूको तुलनामा बालबालिकाहरूका आवश्यकताहरू फरक हुन्छन् बालबालिकाका समस्याहरू पहिचान गर्नका लागि सम्बन्धित प्रमुख सरोकारवाला नै बालबालिका भएकोले पनि बाल संरक्षणका लागि बाल सहभागिताको आवश्यकता पर्दछ ।
- बालबालिकाहरूले बाल संरक्षणको सरोकारका सवालहरूको रोकथाम तथा सम्बोधनमा सहयोग पुऱ्याउन सक्छन् ।
- बालबालिकाहरूको सहभागिताले उनीहरूको समुन्नति, सुरक्षा र विचारको सम्मान हुन्छ ।
- बालबालिकाहरूलाई संरक्षण मा सहभागी गराउँदा परिवारहरू, समुदायहरू र सेवा प्रदायकहरूको भूमिका बुझ्न र त्यसको सम्मान गर्न उनीहरू उत्साही हुन्छन् ।
- बालबालिकाहरूलाई संरक्षणमा सहभागी गराउनु उनीहरूको शिक्षा प्रक्रियाको अंश हो किनकि यसबाट उनीहरूले दुर्व्यवहार र हिंसा गलत हो भन्ने सिक्न सकछन् ।
- बालबालिकाहरूलाई संरक्षणमा सहभागी गराउनाले सामाजिक धारणा, ज्ञान र व्यवहार परिवर्तनमा दीर्घकालीन प्रभाव पर्न सक्छ ।

## ३.३ बाल संरक्षण कार्यमा बाल सहभागिताका क्षेत्र र तहहरू :

### ३.३.१ बाल संरक्षण कार्यमा बाल सहभागिताका क्षेत्रहरू :

बालसंरक्षणका सवालहरूको संवोधनका लागि पहल गर्न, सुरक्षित परिवेशको निमार्ण गर्न र  बालबालिका विरूद्द हुने हिंसा तथा दुर्व्यहारका घटनालाई न्यूनीकरण गर्नका लागि बालसंरक्षण कार्यका निम्न क्षेत्रहरूमा बालबालिकाको सहभागिता पबर्द्धन गर्न सकिन्छ ।

**क) जोखिमताको पहिचान तथा न्यूनीकरण :** बालबालिकाहरू सूचना, शिक्षा, स्थान, परिवेश,सामाजिक सास्कृतिक अभ्यासहरू, भ्रमपूर्ण मान्यताहरू आर्थिक एवं भौगोलिक अवस्था आदिका कारणहरूले गर्दा हिंसा, भेदभाव तथा दुर्व्यवहारको जोखिमतामा रहेका हुन सक्दछन् । बालबालिकाहरू ले अनुभूत गरेका वा महसूश गरेका यस्ता जोखिमताका पक्षहरूको पहिचान गर्ने र अवस्थामा सकारात्क परिवर्तन ल्याउनका लागि गरिनुपर्ने कार्यहरूको सवालमा बालबालिकाहरू स्वयंले नै वढि प्रभावकारी व्यवहारीक तथा नविनतम उपायहरूको पहिचान गर्न सक्दछन् त्यसैले बालमैत्री विधिहरूको प्रयोग द्धारा बालबालिकाहरूकै परामर्श तथा संलग्नतामा जोखिमताको पहिचान तथा न्यूनिकरणका कार्यहरू संचालन गर्न सकिन्छ । यस प्रक्रियामा बालबालिकाहरू चलन चल्तिका गलत सामाजिक अभ्यास र मान्यताहरू बाट निर्देशित नहुन भन्ने कुराको शुनिश्चित गर्नका लागि सहजकर्ता वा सम्वन्धित समूहले यस विषयमा बालबालिकाहरूलाई पर्यात सूचना तथा जानकारी प्रदान गर्नु पर्दछ ।

**ख) बालबालिकाहरूलाई संरक्षणका उपायहरू सिकाउने :** बाल संरक्षणको कार्यमा  बालबालिका स्वयंले नै हिंसा दुर्व्यवहार तथा जोखिमतामा रहेका बालबालिकाहरूको संरक्षण कार्यमा प्राथमिक कार्यहरू गर्न सक्दछन् । जस्तै आफूभन्दा साना बालबालिकाहरूको सुरक्षाका लागि विद्यालय आउदा जादा आफ्नै समूहमा सगै लिएर हिड्न, बाटो काट्दा हात समातेर सगै बाटो कटाइ दिने, लडेर चोटपटक लाग्दा प्राथमिक उपचार गरिदिने तथा अन्य बालबालिकाहरूलाई संरक्षणका उपायहरू सिकाउने र संवन्धित निकायहरूमा जानकारी गराइदिने । यस्ता कार्यमा बालबबालिकाको सहभागिता गराई रहदा उनीहरूको सीप क्षमता र उनीहरूमा पर्न सक्ने जोखिमताको बारेमा ख्याल गर्नु जरूरी हुन्छ ।

**ग) सेवाप्रदायक निकायहरूको खोजी, सेवामा पहुँच र सिफारिस प्रणाली :** बालबलिकाहरूले आफ्नो वरपर रहेका सेवा प्रदायक निकायहरूको बारेमा जानकारी लिने तथा अन्य बालबालिकाहरूलाई  दिने र यस्को बारेमा बताउने । सेवा प्रदापयक निकायहरू लाई संरक्षण्का समस्याहरूको बारेमा जानकारी दिन प्रभावित बालबालिकाहरूलाइ सेवा प्रदायक निकायसम्म पुग्न सहयोग गर्ने वा सिफारिस गर्ने कार्य गर्न सक्दछन । यस प्रकारको कार्यमा

बालबालिकाहरूको सहभागिता गराई रहँदा उनीहरूले सेवा प्रदायक निकायहरूको क्षमता सिमितता तथा उनीहरू ले प्रदान गर्ने सेवा तथा प्रक्रियाहरूको बारेमा पुर्ण र सही सूचना प्राप्त गरेको कुरा सुनिश्चित गरिनु पर्दछ ।

**घ) उत्तरदायित्वको खोजी तथा नीतिगत पैरवी :** बालबालिकाहरूको संरक्षणका लागि राज्य सरकारका विभिन्न निकाय, गैरसरकारी सघं संस्था तथा निजी क्षेत्रहरूले गरेका प्रतिवद्धताहरू, तय गरेका नीति तथा कार्यक्रमहरू र विनियोजन गरेको बजेटको बारेमा बालबालिकाहरूले ती नीति कार्यक्रम कानून तथा प्रतिवद्धताहरूको सान्दर्भिकता, प्रभावकारिता, लगानी र उपलब्धिहरू का बारेमा खोजी गरी सम्वन्धित निकायहरूलाई सल्लाह सुझाब प्रदान गर्न तथा पारदर्शी र उत्तरदायी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन् । यसका लागि बालबालिकहरूले शान्तिपूर्ण, लोकतान्त्रिक प्रक्रियाहरूको बारेमा जानकारी भएको र यस्ता अभ्यासहरूको प्रयोग गरिएको कुराको सुनिश्चित गरिनु पर्दछ ।

**ङ) योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन :** सरकारी तथा गैर सरकारी क्षेत्रबाट संचालन गरिने बालसंरक्षणका कार्यक्रम तथा परियोजनाहरूको योजना निर्माण देखि कार्यन्वयन, अनुगमन र मूल्यांकन प्रक्रियमा लक्षित समूहका बालबालिकाहरू सहभागि भएको कुरा सुनिश्चित गरिनु पर्दछ । यसका लागि संवन्धित निकाय तथा संघ संस्थाहरूले बालबालिकाहरूलाई बालमैत्री सहयोगी र सुरक्षित वातावरणमा स्वतन्त्र ढंगले सहभागिता गराइएको सुनिश्चित गर्नु पर्दछ ।

## ३.३.२ बाल संरक्षणका लागि बाल सहभागिताका तहहरू :

बालबालिका समाजका अभिन्न अंग हुन् तर बालबालिका र वयस्कहरू बीचको शक्ति संरचना असन्तुलित हुने हुँदा उनीहरूको अधिकार उल्लंघन भइरहेको हुन्छ । अर्थात वयस्कहरूले स्वभाविक ठानेका सवालहरूमा बालबालिकाहरूका लागि भने संरक्षणको आवश्यकता भइरहेको हुन्छ । बाल संरक्षणका सवालहरूलाई सम्बोधन गर्नका लागि बालबालिकाको निम्न तहहरूमा बालसहभागिताको आवश्यकता पर्दछ ।

**क) बालक्लबमा सहभागिता :** बालक्लब बालबालिकाले संगठित हुन पाउने ठाउँ हो । यसले बालबालिकाका आवाजलाई सामूहिक रूपमा व्यक्त गर्न पाउँछन् । क्लबको माध्यमबाट उनीहरूले आफू र आफ्ना साथीहरूले भोग्दै आएका समस्याहरू, वयस्कहरूले ध्यान पुर्‍याउन नसकेका बाल संरक्षणका सवालहरूलाई बाहिर ल्याउन सक्छन् । विद्यालय वा गाउँमा बालबालिकामाथि हुने गरेको शोषण, यातना आदिका बारेमा वयस्कहरूको ध्यानाकर्षण गर्न र समाधानका लागि घच्घच्याउन सक्छन् ।

**ख) घर परिवारमा सहभागिता :** काँचो माटोलाई कस्तो आकार दिने भनेर निर्धारण गर्ने पहिलो जिम्मेवारी घर परिवारको हुन्छ । बालबालिका घरपरिवारको सदस्य हुन् । घर परिवारभित्र पनि बाल संरक्षणका सवालहरू हुन्छन् । यस्ता सवालहरूका बारेमा वयस्कहरूले बालबालिकाका विचारहरूलाई सुन्ने गर्नु पर्दछ । घर परिवारमा बालबालिकासँग सरोकार राख्ने सवालहरूमा हुने निर्णयमा बालबालिकाको सहभागिता हुगे गरेमा यसले बालबालिकाको पढाइमा सहयोग हुन सक्छ । विभिन्न किसिमका दुर्व्यवहारबाट संरक्षण गर्ने काममा मद्दत पुग्दछ । बालश्रमबाट बालबालिकालाई संरक्षण गर्न बालबालिकाले उल्लेख्य भूमिका निभाउन सक्छन् ।

**ग) विद्यालयमा सहभागिता :** बालबालिकाको विद्यालयमा सबैभन्दा बढी समय बिताउने गर्दछन् । बालबालिकाको जीवनको गोरेटो कोर्ने महत्वपूर्ण स्थल विद्यालय भएको हुनाले विद्यालयमा हुने क्रियाकलापहरूमा उनीहरूको सक्रिय सहभागिताको आवश्यता हुन्छ । विद्यालयमा बालबालिकाले कैयौं समस्याहरू भोगिरहेका हुन सक्छन् । विद्यालयमा पनि बालबालिकामाथि यातना दिने, यौन दुर्व्यवहार एवं भेदभाव जस्ता घटनाहरू भइरहेका हुन सक्छन् । खाने पानी, चर्पी आदिको उपयुक्त व्यवस्था नभएको हुन सक्छ । यस्ता सवालहरूका बारेमा आवाज उठाउनका लागि विद्यालयमा बालसहभागिताको आवश्यकता पर्दछ । यसले शिक्षक, शिक्षिका तथा विद्यालय व्यवस्थापन समितिलाई विद्यालयमा देखा पर्ने बालसरोकारका विषयहरूमा बालबालिकाका विचार र दृष्टिकोणहरू बुझ्न र बुझाउन मद्दत पुग्दछ । वयस्कहरूबाट यसका लागि विशेष ध्यान दिन उपयुक्त हुन्छ ।

**घ) समुदाय र सामुदायिक संस्थामा सहभागिता :** बालबालिका समुदायका सदस्यहरू हुन् । सामुदायिक संस्थाहरूले उठाउने कैयौं सवालहरू बालबालिकासँग सम्बद्ध सवालहरू हुन सक्छन् । उनीहरूले गर्ने निर्णयहरूले बालबालिकालाई प्रत्यक्ष प्रभाव पार्न सक्छ । यसैले यस्ता संस्थाहरूले बालबालिकाकासँग सरोकार राख्ने सवालहरूमा बालबालिकाका विचारहरू बुझ्नु पर्दछ । उनीहरूको विचार बुझ्नका लागि निर्णय प्रक्रियामा बालबालिकाको सहभागिता जरूरी हुन्छ । समुदायमा बाल अधिकार उल्लंघनका थुप्रै सवालहरू हुन सक्छन् । जस्तै : बालश्रम, यौन दुर्व्यवहार, बाल विवाह, भेदभाव लगायतका सवालहरूको सम्बोधनका लागि बाल सहभागिताले उल्लेख्य भूमिका निभाउन सक्छ ।

**ङ) गाविस वा गाविसस्तरीय निकायहरूमा सहभागिता :** गाविस राज्यको स्थानीय निकाय हो । स्थानीय स्रोत साधनको वितरण गर्ने कार्य पनि गाविसले गर्दछ । यसैगरी राज्यले गाविस स्तरीय निकायहरू संचालन गरेको हुन्छ । बालबालिकाले आफ्ना अधिकारहरूको उपभोग गर्नका लागि आवश्यक पर्ने स्रोत साधन तथा अन्य सहयोग जुटाउन गाविस वा गाविस स्तरीय

निकायहरूमाा बालबालिकाले नजिकको सम्पर्क एवं समन्वय गर्नु पर्दछ । सूचनाहरूको आदान-प्रदान गर्नुपर्दछ । हिजोआज बालक्लबहरूले गाविस स्तरीय सञ्जाल समेत गठन गर्ने गरेका छन् । यस्ता बालक्लब सञ्जालहरूले आयोजना गरेका कार्यहरूमा सहभागी हुन र बालअधिकारको पक्षमा वकालत गर्ने काममा योगदान दिन सक्दछन् ।

**च) जिल्ला स्तरीय सरकारी निकाय र अन्य संस्थाहरूमा सहभागिता :** जिल्ला विकास समिति तथा जिल्लास्तरीय सरकारी निकायहरू, गाविस र गाविसस्तरीय निकायहरू भन्दा माथिल्ला तहका निकायहरू हुन् । गाविस तहबाट गरिएका प्रयासहरूबाट आफ्ना सवालहरूको उपयुक्त किसिमले सम्बोधन हुन सकेन भने बालबालिकाले जिल्लातहका निकायहरूमा पहल गर्नु पर्दछ । यसका लागि जिल्लास्तरमा बनेका बालक्लब सञ्जालहरूले आफ्ना सवालहरू जिल्ला स्तरीय निकायहरूमा पुर्‍याउनु पैरवी तथा वकालत गर्नु पर्दछ । बालबालिकाले यस्तो सञ्जालको माध्यमबाट बाल संरक्षणका लागि विशेष पहल गर्न सक्छन् ।

**छ) केन्द्रीय निकाय वा राष्ट्रियस्तरका संस्थाहरूमा सहभागिता :** बाल अधिकारको संरक्षणका लागि अन्तिम निर्णय गर्ने जिम्मेवारी नेपाल सरकारको हो । यसैगरी नेपाल भर काम गर्ने गैरसरकारी संस्थाहरूले बाल अधिकारको पक्षमा वकालत गरिहेका हुन्छन् । उनीहरूको निर्णयले बालअधिकारको संरक्षणमा महत्वपूर्ण प्रभाव पार्ने गर्दछ । बालबालिकाहरूले आफ्ना सवालहरूलाई यो तहसम्म पुर्‍याउनु पर्दछ । केन्द्रीय स्तरमा हुने परामर्श गोष्ठी वा कार्यशालाहरूमा सहभागी भएर बालबालिकाका सवालहरूलाई सम्बोधन गर्ने नीति बनाउने काममा आफ्ना विचारहरू व्यक्त गर्न सक्छन् । केन्द्रिय तथा राष्ट्रिय स्तरका निकायहरूले बाल क्लबहरूको केन्द्रीय सञ्जाल निर्माण तथा सल्लाहकार समिति गठन गर्नु पर्दछ । जसले गर्दा केन्द्रीय तहमा हुनेगरेका निर्णय प्रक्रियामा बालबालिकाको विचार र भावनाको सम्वोधन हुनका साथै बाल संरक्षणका लागि बालबालिकाहरूले पैरबी तथा वकालतका कार्य गर्न सक्दछन् ।

**ज) अन्तर्राष्ट्रिय स्तरमा सहभागिता :** बालबालिकाका लागि विश्वभरि लागू हुने कानुन बनाउने कार्य संयुक्त राष्ट्र संघ को हो । यसैगरी बाल अधिकारको संरक्षणका लागि अन्तर्राष्ट्रिय स्तरका विभिन्न संस्थाहरू कार्यरत छन् । बेला-बेला यस्ता गैरसरकारी संस्थाहरूले बाल प्रतिनिधिहरूको भेला गराई बालबालिकाका आवाजहरू संकलन गर्दछन् । यस्ता अवसरहरूमा बालबालिकाले आफ्ना आवाजहरूलाई यो स्तरसम्म पनि पुर्‍याउन स्क्छन् । जसका कारण बालबालिकाका लागि बन्ने नयाँ नियम, कानुन, नीति तथा कार्यक्रमहरू अझ व्यवहारीक र बालमैत्री बन्न सक्दछ ।

बाल संरक्षणका लागि बालबालिकाले कुन कुन क्षेत्र र तहमा सहभागी हुनु पर्दछ भन्ने कुरालाई निम्न तालिकाबाट पनि प्रष्ट पार्न सकिन्छ ।

| क्षेत्र | तहहरू |
|---|---|
| ➢ जोखिमताको पहिचान तथा न्यूनीकरण | ➢ बालक्लब, घर परिवार, विद्यालय, समुदाय, कार्यक्रम आयोजनस्थल आदि । |
| ➢ सेवाप्रदायक निकायहरूको खोजी, सेवामा पहुँच र सिफारिस प्रणाली | ➢ विद्यालय, समुदाय र सामुदायिक संस्था, गाविस वा गाविसस्तरीय निकायहरू, जिल्लास्तरीय सरकारी निकाय र अन्य गैर सरकारी संस्थाहरू |
| ➢ नीतिगत पैरवी | ➢ गाविस वा गाविस स्तरीय निकायहरू, जिल्लास्तरीय सरकारी निकाय र अन्य गैरसरकारी, संस्थाहरू सरकारका केन्द्रीय निकाय वा राष्ट्रियस्तरका संस्थाहरू, अन्तर्राष्ट्रिय स्तरमा सहभागिता |
| ➢ योजना निर्माण र कार्यान्वयन | ➢ बालक्लब, गाविस वा जिल्लास्तरीय बालक्लब सञ्जाल घर परिवार, विद्यालय, समुदाय र सामुदायिक संस्था, जिल्ला तथा केन्द्रिय स्तरका सरकारी निकाय र अन्य संस्थाहरू |
| ➢ अनुगमन र मुल्याङ्कन | ➢ बालक्लब, बालक्लब सञ्जाल र गैरसरकारी संस्थाहरू |

## ३.४ जोखिमताको पहिचान तथा न्यूनीकरणमा बालसहभागिता :

बालबालिकाहरू समाजका सक्रिय र सिर्जनशील शक्तिहरू हुन् । समाजमा हुने हरेक प्रकारका गतिविधि समस्या र विकास कार्यहरूले उनीहरूलाई प्रभावित पारिरहेको हुन्छ । बालबालिककाहरूले आफ्नो घर छिमेक, विद्यालय र समुदायमा बालबालिकाहरूले भोगिरहेका विषयहरूलाई अरूले भन्दा बढी स्पस्ट र व्यावहारीक रूपमा प्रस्तुत गर्न सक्दछन् ।

बालसंरक्षणका सवालमा बालबालिकाहरूले आफ्नो वरपरको परिवेशमा रहेको जोखिमता, भोग्नु परेको समस्या र त्यसका कारणहरूको बारेमा जानकारी तथा सूचना प्रदान गर्न सक्दछन् । यसले उनीहरूले भोग्दै आइरहेका समस्याहरूको बारेमा जानकारी हुन्छ । यसका लागि उनीहरूले आफ्नो घर

परिवार, छरछिमेक, विद्यालय, गाऊँ वरिपरि आफैले, साथीहरूले र अन्य बालबालिकाले भोग्नु परेका समस्याहरूको बारेमा साथीहरू बीच, बालक्लबमा छलफल चलाउनु पर्दछ । यसबाट बालबालिका जोखिममा पर्ने स्थलहरू कहाँ कहाँ रहेछ भन्ने थाहा हुन्छ । यसबाट कुन बालबालिका बढी जोखिममा छन् भन्ने जानकारी हुन्छ । बालबालिकालाई जोखिममा पार्ने पीडकहरू र उनीहरूलाई प्रश्रय दिने व्यक्तिहरूको पहिचान गर्न सजिलो हुन्छ । सवाल पहिचानले अमुक घटनाबाट बालक वा बालिकामाथि के र कस्तो असर परेको छ वा पर्ने सम्भावना छ भन्ने थाहा पाउन तथा यो सवाललाई सम्बोधन गर्दा आइपर्ने जोखिम न्यूनीकरण गर्न सहज हुन्छ ।

बाल संरक्षणका सवालहरूको सम्बोधन गर्न समाजका विभिन्न व्यक्ति तथा निकायहरूबाट संचलान गरिएका कार्यहरू, सामाजिक, सास्कृतिक तथा पारिवारिक अभ्यासहरूले बालबालिकाको व्यक्तिगत तथा सामुहिक जीवनमा के कस्ता सकारात्मक वा नकारात्मक प्रभाव पारेको छ भन्ने जानकारी प्राप्त गर्नका लागि पनि बालबालिकाको सहभागिता जरूरी हुन्छ । यसले बालबालिकाहरूको संरक्षण गर्ने सोचले प्रोत्साहन पाउँछ । बाल अधिकारको संरक्षणको सन्दर्भमा भएका सकारात्मक कार्यहरूको अभिलेखीकरण हुन्छ । यसले अन्ततः बालअधिकारको संरक्षणमा सकारात्मक योगदान पुऱ्याउँछ ।

यसका साथै राज्य वा राज्यका निकायहरूले बाल संरक्षणको अधिकारको उल्लंघन गर्ने प्रकृतिका व्यवहार एवं अभ्यासहरू गरे नगरेको तथा बालबालिकाको संरक्षण गर्नका लागि उपयुक्त नीति वा कानुन नबनाएका वा बनेका कानुनको प्रभावकारी कार्यान्वयन नभएका कारणबाट पनि बालबालिकाहरू जोखिममा परेका भए त्यस्ता जानकारीहरू प्राप्त गर्नका लागि पनि बालसहभागिताको अभ्यास प्रभावकारी रहन्छ । यसले बाल संरक्षणका सवालहरूको बारेमा सचेताना अभिवृदि गर्नुका साथै विभिन्न अभियान संचालन गर्न पनि प्रोत्साहन मिल्दछ । बालबालिकाहरूसगँ जोखिमताको पहिचान गर्नका लागि निम्न उपायहरू अबलम्वन गर्न सकिन्छ ।

**क) बाल परामर्श :** यस विधि अन्तरगत बाल बालिकाहरूसँग उनीहरू माथी पर्न सक्ने जोखिमता के के हुन सक्दछन् भनि प्रश्न गरि सहजकर्ताले उनीहरूले बताएका कुरा लाई टिपोट गरी जोखिमताको पहिचान गर्न सकिन्छ ।

**ख) बालबालिकाहरूसँग समूह छलफल :** बालबालिकामाथि पर्न सक्ने जोखिमता पहिचान गर्न यो विधि अत्यन्त महत्पुर्ण विधि मानिन्छ । यस विधिमा बालबालिकाहरूको समूह जम्मा गरी बाल सहजकर्ताले बालबालिका माथि पर्न सक्ने जोखिमताहरू के के हुन सक्दछन् भनि प्रश्न गर्ने र सहभागी बालबालिकहरू बाट प्राप्त उतरहरूलाई टिपोट गरी बालबालिकाहरूको सहभागितामा जोखिमताहरूको पहिचान गर्न सकिन्छ ।

**ग) सहभागितात्मक समुदायिक जोखिमता नक्शांकन** : बालबालिकाहरूको जोखिमता पहिचान गर्नको लागि यो महत्वपूर्ण विधि मानिन्छ । यस विधि अन्तरगत सहभागी बालबालिकाहरूको समूहलाई आफ्नो समुदायको नक्शा निमार्ण गर्न लगाउने र त्यस नक्शामा विद्यालय, बाटो, पुल, हस्पिटल, साना साना गल्लिहरू, जंगल, खोलाहरू, मन्दिर, सार्वजनिक स्थलहरू जस्ता बस्तुहरूको चिन्ह लगाउने । चिन्ह लगाएका मध्ये कुन कुन स्थानमा जोखिमता हुन सक्दछ भनी सहभागी बालबालिकहरूलाई टिपोट गर्न लगाई सामुदायिक जोखिमताको पहिचान गर्न सकिन्छ ।

**घ) लक्षित समूहसँग छलफल :** समूह छलफल भनेको सानो वैठक हो जसमा निश्चित विषयहरूमा छलफल गरिन्छ । कुनै पनि विषय वा वस्तुबारेका सूचना लिन तथा विश्लेषण गर्न यी विधि उपयोग गरिन्छ । यस विधिमा सूचना लिनुपर्ने विषयवारे छलफल गराउन लक्षित समूहको तयारी गरी विषयवस्तुलाई समूहमा राखिन्छ । लक्षित समूह छलफलमा विषयवस्तुसँग सम्बन्धित समूह को उपस्थिति हुने हुँदा सूचना बढी विश्वसनीय हुन्छ । जस्तैः घरेलु बालश्रमिकलाई पढाइको समय दिने सवाल, यौनदुर्व्यवहारको समस्या, विरामी पर्दाको औषधोपचार आदि सूचना यस विधिवाट लिन सकिन्छ ।

**ङ) जीवनरेखा :** कुनै व्यक्तिको जन्मदेखि हालको अवस्थासम्ममा हुने महत्वपूर्ण घटनाहरूलाई देखाउन र ती घटना वा पक्षहरूका बारेमा विश्लेषण गर्न यसको प्रयोग गरिन्छ । बालबालिकाहरू परिपक्व हुदै जाँदा आफ्नो जीवनमा घटेका महत्वपूर्ण घटनाका बारेमा उनीहरूले टिपोट गर्ने र उनीहरूमा परेका जोखिमताको आधारमा पनि बालबालिकाको सहभागितामा जोखिमताको पहिचान गर्न सकिन्छ ।

**च) समस्या वृक्ष चित्र :** बालबालिकाहरूको जोखिमता पता लगाउने यो एउटा महत्वपूर्ण विधि हो । यस विधि अन्तरगत बालबालिकाहरूलाई एउटा ठूलो ब्राउन पेपर मा एउटा रूखको चित्र निमार्ण गर्न लगाउने र बालबालिकाहरूलाई आउने समस्याका बारेमा टिप्न लगाउने जस्लाई रूखको डाँठ र त्यसको कारण के भनी उनीहरूबाट आएका उत्तरलाई जरा त्यसपछि यस्ले ल्याउने परिणामलाई फल वा पातको रूपमा लेख्न वा राख्न लगाउने जस्को मद्दतले बालबालिकाहरूको समस्या जोखिमता सहज तरिकाले निकाल्न सकिन्छ । यसलाई फरक ३ प्रकारका मेटा कार्ड वा अन्य मार्कर जस्ता कुरा अपनाएर रूखलाई आकर्शक पनि बनाउन सकिन्छ ।

## ३.५ बालसंरक्षणका व्यावहारिक कार्यका लागि बालसहभागिता :

बालबालिकाहरूले बालसंरक्षण्का सवालहरूमा प्रभावित बालबालिकाहरूको संरक्षण पूर्वाअवस्था ग्रहण गर्न तथा संभावित दुर्घटनाको रोकथाम गर्नका लागि व्यक्तिगत तथा सामूहिक रूपमा निम्न व्यावहारिक कार्यहरू गर्न सक्दछन् ।

- आफ्ना साथी तथा भाइबहिनीहरू माझ हिंसा, दुर्व्यवहार, शोषण तथा भेदभाव जस्ता जोखिमताहरूबाट बच्ने उपायहरू तथा सेवा प्रदायक निकायहरूको बारेमा जानकारी एवं सूचनाहरू आदान-प्रदान गर्ने ।
- आफ्ना साथी तथा भाइबहिनीहरू हिंसा तथा दुर्व्यवहारबाट प्रभावित भएको, नभएको बारेमा उनीहरूमा आएको व्यावहारिक परिवर्तन तथा शारीरिक चिन्ह्को बारेमा चनाखो भई रहने र गोपनीय ढंगले सोधपुछ गर्ने ।
- हिंसा तथा दुर्व्यवहारबाट प्रभावित बालकिालकाहरूका सूचना नजिकैको सेवा प्रदायक निकाय, अभिभावक, शिक्षक वा बालसंरक्षण समितिलाई जानकरी गराउने ।
- हिंसा तथा दुर्व्यवहार बाट प्रभावित बालबालिकाहरूको सूचना र पहिचानलाई अरू साथीहरू माझ चर्चा परिचर्चा नगरी गोपनीय राख्ने ।
- हिंसा तथा यौन दुर्व्यवहारका लक्षणहरू वा व्यवहारमा हुने परिवर्तनलाई नियालेर हेर्न सक्छन् ।
- हिंसा, दुर्व्यवहारका प्रभावित बालबालिकाहरूलाई आत्मीय व्यवहार देखाउने, आत्माविश्वास जगाई पढाई, काम, खेलकुद जस्ता कार्यहरूमा सहभागी गराउने ।
- हिंसा तथा दुर्व्यवहारबाट प्रभावित बालबालिकाहरूको पक्षमा साक्षी बसीदिने, आफूले थाहा पाएका कुरालाई न्यायिक निकायमा पुऱ्याइदिने ।
- बालबालिकाहरूलाई हिंसा तथा दुर्व्यवहार गर्ने व्यक्तिहरूको बारेमा सेवा प्रदायक निकायहरूमाा सूचना दिएर पक्राउ गर्न तथा दण्डित गर्न सहयोग गर्ने ।
- बालबालिहरूका विरूद्ध हिंसा तथा दुर्व्यवहार गर्ने व्यक्तिहरूले सजाय पाएको कुरालाई साथीहरू माझ प्रचार प्रसार गर्ने ।
- आफू, आफ्ना साथीहरू, बालसमूहका सदस्यहरू तथा परिवार भित्रका बालबालिकाहरूलाई भेदभाव, शोषण, हिंसा, दुर्व्यवहार हुने खालका व्यवहार नर्गने र आचार संहिता लागू गर्ने । आफुलाई मन नपर्ने घटनाबारे बालबालिकाले बाल क्लबहरू, विश्वासिला वयस्कहरू, सामुदायिक संस्था वा सेवा प्रदायकहरूमा उजुरी गर्न सक्छन् ।

## ३.६ सेवाप्रदायक निकायहरूमा सिफारिस प्रणालीका लागि बाल सहभागिता :

जनतालाई सेवा र सहायता उपलब्ध गराउने विशेष भूमिका भएका सरकारी कार्यालय वा उनीहरूसँग सम्बन्धित निकायहरू नै सेवा प्रदायकहरू हुन् । यस्ता निकायहरू राज्यले केन्द्रदेखि जिल्ला तथा स्थानीय तहसम्म संचालन गरेको हुन्छ । केन्द्रीय स्तरमा स्थापना गरिएका निकायहरूमा मन्त्रालयहरू, व्यवस्थापिका संसद, सर्वोच्च अदालतहरू आदि हुन् । यस्ता केन्द्रस्तरमा रहेका निकायहरूले नीति, ऐन कानुन निर्माण गर्दछन् । क्षेत्र, जिल्ला तथा

स्थानीय तहमा रहेका निकायहरूले राज्यले निर्माण गरेका नीति ऐन कानुनहरू कार्यान्वन गर्ने गर्दछन् । यी निकायहरूले जनतालाई विभिन्न प्रकारका सेवा सुविधाहरू उपलब्ध गराउने काम गर्दछन् र जनतालाई परेका अप्ठेराहरूलाई फुकाउने काम गर्दछन् । बालबालिकाहरूलाई दुर्व्यवहार, उपेक्षा, हिंसा र शोषणबाट संरक्षण गर्ने जिम्मेवारी सरकारको हो । बाल संरक्षणका सबै सवालहरूको सम्बोधन गर्ने अन्तिम दायित्व राज्यको हो ।

जिल्ला तथा स्थानीय तहमा स्थापना गरिएका सेवा प्रदायक संस्थाहरू भित्र पर्ने निकायहरूमा विद्यालय, जिल्ला विकास समिति, नगरपालिका, गाविस, जिल्ला बालकल्याण समिति, महिला तथा बालबालिका कार्यालय, अस्पताल, प्रहरी कार्यालय, अदालतहरू हुन् । यसका साथै समुदायमा आधारित संस्थाहरू, गैरसकारी संस्थाले पनि मनोसामाजिक विमर्श, कानुनी सहायता, आश्रय र परामर्श जस्ता सेवाहरू उपलब्ध गराउन सक्छन् ।

### ३.६.१ बाल संरक्षणका लागि निर्माण गरिएका केही सेवा प्रदायक निकायहरू :

बाल संरक्षणमा बालबालिकालाई के के कुराबाट जोगाउने मात्र नभनी बालबालिकामाथि हुने हिंसालाई नियन्त्रण गर्न र हिंसा गर्नेलाई दण्ड दिनका लागि राज्यले विभिन्न संरचनाहरू निर्माण गरेको हुन्छ । यस्ता केही संरचनाहरूका बारेमा तल चर्चा गरिएको छ :

**क) समुदायस्तरीय समितिहरू :** समुदायस्तरमा विभिन्न बाल संरक्षण समितिहरू कार्यरत छन् । यी समितिले बालबालिकाको संरक्षणमा विशेष भूमिका निभाउनुका साथै बाल अधिकारका सबैजसो विषयमा काम गरिरहेका छन् । संस्थाहरूले बालबालिकाको हितका लागि समुदायमा विभिन्न समिति बनाएका हुन्छन् । नेपालमा प्यारालिगल कमिटीहरू, मानव बेचबिखनविरूद्धका समितिहरू, शान्ति समितिहरू, अधिकार निगरानी समूह आदि धेरै नाउमा बाल अधिकारको संरक्षणका लागि काम गरिरहेका छन् ।

**ख) प्रहरी कार्यालय :** बालबालिकाको संरक्षणका लागि नेपाल सरकारले महिला तथा बालबालिका सेवा केन्द्र स्थापना गरी कार्य गरिरहेको छ । हाल २३ जिल्लामा यी सेवा केन्द्रहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गत रहेर कार्य गरिरहेका छन् । यी कार्यालय बाहेक प्रहरी कार्यालयले पनि बालबालिकाको संरक्षणका सम्बन्धमा कार्य गर्नु पर्ने जिम्मेवारी छ ।

**ग) जिल्ला बाल कल्याण समिति :** जिल्ला बाल कल्याण समितिअन्तर्गत बाल संरक्षणका कार्यहरूलाई अगाडि बढाउन बाल संरक्षण समितिहरू क्रियाशील छन् । यस्ता समितिहरूले बाल संरक्षणका विषयमा जनचेतना फैलाउने, बालसंरक्षणका क्षेत्रमा कार्य गर्ने संस्थाहरूलाई सहयोग गर्ने र संरक्षणका अधिकार उल्लंघन भएका बालबालिकालाई उद्धार र सहयोग गर्ने कार्यहरू गर्दछन् ।

**घ) जिल्ला र गाउस्तरीय विभिन्न समितिहरू :** जिल्ला स्तरमा बालकल्याण समितिका अतिरिक्त मानव बेचबिखनविरूको समिति, बालश्रमसम्बन्धी समिति, छाउपडी नियन्त्रण समिति, बालविवाह रोकथाम समिति, एचआइभी नियन्त्रण र रोकथाम समितिहरू पनि क्रियाशील छन् । यी समितिहरूले पनि बालसंरक्षणको विशेष क्षेत्रमा काम गरिरहेका छन् ।

**ङ) केन्द्रीय बाल कल्याण समिति :** बालबालिकाको समग्र नीतिगत क्षेत्रमा कार्य गर्न केन्द्रीय बालकल्याण समिति स्थापना गरिएको हो । केन्द्रीय बालकल्याण समितिको बालसंरक्षणको क्षेत्रमा विशेष भूमिका छ । बालबालिकाको शिक्षा, स्वास्थ्यका क्षेत्रमा विभिन्न सरकारी निकायहरूको स्थापना भएपनि बालसंरक्षणका क्षेत्रमा अर्को निकाय नभएकोले बालकल्याण समितिले यस क्षेत्रमा प्रमुख कार्य गर्दै आएको छ ।

**च) महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय :** बाल संरक्षण लगायत बालबालिकाका सबै क्षेत्रमा कार्य गर्ने नेपाल सकारको प्रमुख निकाय महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय हो । बालबालिकाको अधिकार उल्लंघन भएमा बालबालिकाको कानुन बमोजिम पाउनु पर्ने अधिकार तथा सुविधा प्राप्त नगरेमा, बालबालिकाको अधिकार उल्लंघन गर्नेलाई सजाय नभएमा त्यसको अन्तिम उत्तरदायित्व महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको हो । नेपालभित्र सबै बालबालिकाको आफ्नो अधिकार प्राप्त गर्ने व्यवस्था मिलाउने दायित्व पनि मन्त्रालयको हो ।

**छ) बाल अदालत वा इजलास :** बालबालिकाको हक अधिकारको छिटोभन्दा छिटो परिपूर्ति गर्ने व्यवस्था मिलाउन बाल अदालत वा इजलासको स्थापना गरिएको छ । बालबालिकामाथि कुनै अन्याय भयो भने अरू अदालतले धेरै समय लगाउने र बालमैत्री पनि नहुने भएकोले बालमैत्री रूपमा न्यायिक कार्य सम्पादन गर्न बाल अदालत स्थापना गरिन्छ । नेपालमा हाल समम बाल अदालत स्थापना गरिएको छैन । तर बालबालिकाले गरेका गलत कार्यहरूको सुनुवाइ गर्न बाल इजलासको स्थापना भएको छ ।

**ज) गैरसरकारी संस्थाहरू :** नेपालमा बालसंरक्षणको क्षेत्रमा सेवा प्रदान गर्ने सबैभन्दा प्रभावकारी संस्था गैरसरकारी संस्थाहरू भएका छन् । बालबालिकाको निमित्त हेल्पलाइन (अप्ठेरोमा सहयोग माग्न सकिने निःशुल्क टेलिफोन सेवा) स्थापना गर्ने, बालबालिकालाई उद्धार गर्ने, संरक्षण र आश्रय प्रदान गर्ने, बालबालिकालाई मनोसामाजिकलगायतका पुनरस्थापनाका सेवा प्रदान गर्ने, कानुनी सहायता उपलब्ध गराउने, बालबालिकाका अधिकारका लागि पैरबी र जनवकालत गर्ने कार्यहरू गैरसरकारी संस्थाहरूले गरिआएका छन् ।

## ३.६.२ सेवा प्रदायकहरू समक्ष बालबालिकाको सिफारिश प्रणाली (Referral System) :

बाल संरक्षणका सवालहरूको सम्बोधन गर्ने जिम्मेवारी वयस्कहरूको हो । यसको अन्तिम दायित्व राज्यको हो । यसैले आफ्नो पहल र प्रयासबाट समाधान हुन नसकेका बाल संरक्षणका सवालहरूलाई बालबालिकाले सम्बन्धित सरोकारवाला निकायसमक्ष सिफारिश गर्नु पर्दछ । सिफारिश प्रणाली भनेको बाल संरक्षणको सरोकारका सवालहरूलाई सम्बोधन गर्नका लागि सेवा प्रदायकहरूसँग बालबालिकाले कसरी मिलेर काम गर्ने भन्ने बारेमा योजना बनाउने कार्य हो । यस अन्तर्गत निम्न कार्यहरू गर्नु पर्दछ।

क) को कसले के के काम गर्दछन् नक्साङ्कन गर्ने,
ख) घटना व्यवस्थापनको लागि सिफारिश ९च्भाभचबि० गर्ने,
ग) कुन सेवाका लागि कुन निकायमा जाने भन्ने बारेमा पूर्व जानकारी दिने
घ) सिफारिश गरिएका घटनाको नियमित अनुगमन तथा फलोअप गर्ने लगायतका कार्य पर्दछन्
ङ) बालबालिकालाई विद्यालय र स्वास्थ्य केन्द्र जस्ता सरकारी निकायहरू वा गैसरकारी संस्थाहरूले सेवा प्रदान गर्दछन् । सेवा प्रदायकहरूले स्वास्थ्य सेवा आश्रय, शिक्षा र कानुनी सहायता उपलब्ध गराउन सक्छन् ।
च) बालबालिकाले आफ्नो गाउँ वा विद्यालय वरिपरि आफूलाई सहायता गर्ने सेवा प्रदायकहरू को को छन् भनेर पहिचान गर्ने ।
छ) बाल संरक्षणको सरोकारका सवालहरू उत्पन्न भएमा सेवा प्रदायकहरूलाई सिफारिस गर्ने ।
ज) सहयोग लिन कहाँ जाने भन्ने विषयमा बालक्लबहरूको चेतना अभिवृद्धि गर्ने ।
झ) जोखिममा रहेका बालबालिकाहरूको अवस्थामा सुधार भएको सुनिश्चित गर्नका लागि सिफारिसको फलो अप गर्ने ।

## ३.७ उत्तरदायित्वको खोजी तथा नीतिगत पैरवीमा बालसहभागिता :

बाल संरक्षणका तमाम् सवालहरूलाई सम्बोधन गर्ने अन्तिम जिम्मेवारी राज्यको हो । तर हाम्रो समाजमा राज्यका आँखाबाट कैयौं बालबालिकाका सवालहरू ओझेलमा पर्ने गरेका छन् । त्यतिमात्र होइन, समाजको आर्थिक, सामाजिक तथा सांस्कृतिक संरचनाको कारणले बालबालिकाले भोगेका कैयौं सवालहरू घर परिवार, विद्यालय, समुदायको दृष्टिमा स्वाभाविक हुने गरेका छन् । त्यस्ता सवालहरू वयस्कहरूको आँखाले नदेखेको, महसुस नगरेको हुन सक्छ । यसैले बालबालिकाहरूले घर परिवार विद्यालय, समुदाय तथा राज्यलाई आफ्ना सवालहरूका बारेमा बेला बेलामा घच्घच्याइरहनु पर्दछ । यसैले

बालबालिकाले आफ्ना आवाजहरू सुन्ने निकायहरू कुन कुन हुन् ? आफ्ना समस्याहरू समाधान गर्ने दायित्व कसको हो ? भनेर पहिचान गर्नु आवश्यक हुन्छ । आफ्ना अधिकार प्राप्तिका लागि जनवकालत गर्नु जरूरी छ ।

## ३.७.१ नीतिगत पैरबी भनेको के हो ?

सामान्यतया नीतिगत पैरवी भन्नाले त्यस्ता क्रियाकलापहरूको संगालो हो । जुन कुरा अधिकारबाट बञ्चित पारिएका समूहका सवाल तथा समस्या सम्बन्धमा सर्वसाधारणदेखि नीति नियम तर्जुमा गर्ने तहसम्मका व्यक्तिहरूलाई सचेत पार्दै नीतिगत तहमा समेत परिवर्तन गरी सम्बन्धित समूहका अवस्थामा सुधार ल्याउनका लागि गरिन्छ । अर्को अर्थमा भन्ने हो भने नीतिगत पैरवी अधिकार प्राप्तिका लागि शान्तिपूर्ण ढंगबाट गरिने संघर्ष हो । यो निरन्तर चलिरहने प्रक्रिया हो ।

बाल संरक्षणका लागि नीतिगत पैरवी भनेको बाल संरक्षणका सवालहरूलाई सम्बोधन गर्नका लागि आवश्यक पर्ने नयाँ नीति निर्माण गर्न, भएका नीतिहरूको परिमार्जन एवं परिवर्तन गर्न बनेका नीतिहरूको प्रभावकारी कार्यान्वयन गर्नका लागि बालबालिकाको सहभागिता एव उनीहरूसँग  सहकार्य गर्दै गरिने एउटा अभियान हो । बालबालिकाको सहभागितामा आधारित बाल संरक्षणका लागि गरिने प्रत्येक चरणमा सहजकर्ताहरू, बालबालिकाका सहयोगी वयस्कहरू, संस्थाहरूको उचित परामर्श एवं सहयोगको आवश्यक हुन्छ ।

## ३.७.२ बालसंरक्षणका लागि नीतिगत पैरवी किन आवश्यक छ ?

- बालबालिका कै सहभागितामा बालसंरक्षणका सवालहरूको स्थायी समाधान गर्नका लागि ।
- बालसंरक्षणको विभिन्न सवालमा प्रभावकारी कानुन, नियमहरू तर्जुम गर्न तथा भएका कानुन तथा नीतिहरूको प्रभावकारी कार्यान्वयन गर्ने थिति बसाल्न ।
- यस्ता कानुन तथा नीति नियमहरूको कार्यान्वयन र बालसंरक्षणका सवालहरूको सम्बोधनका लागि सर्वसाधारण, नागरिक समाज तथा सरकारी निकाय सबैको पहलमा खबरदारी र निगरानी गर्न, सबै मिलेर पहरेदारी गर्न ।
- विभिन्न ठाउँमा भएका बालसंरक्षणका सवालहरूका हल गर्ने दौरानमा भएका राम्रा कामहरूलाई अन्य सबैतिर प्रवर्द्धन गर्न ।
- बालअधिकार सुनिश्चित गर्न ।
- बालबालिकालाई बालसंरक्षणका सवालहरूका बारेमा सचेत र सशक्त बनाउन ।
- बालसंरक्षणका सवालहरूका बारेमा सचेतना अभिवृद्धि गर्न ।

### ३.७.३ बालसंरक्षणका लागि गरिने नीतिगत पैरवीमा बाल सहभागिता किन आवश्यक छ ?

- नीतिगत पैरवी गरिने विषयमा प्रमुख सरोकारवालाको सहभागिताको लागि,
- पीडकहरूमाथि दबाब सिर्जना गर्न,
- आफ्ना समस्या आफै समाधान गर्ने सम्बन्धमा बालबालिकाहरूको क्षमता बृद्धि गर्न,
- नीतिगत पैरवी गर्ने कार्य प्रभावकारी र उपयुक्त छ कि छैन भनेर भुक्तभोगीका तर्फबाट आवश्यक पृष्ठपोषण तथा सुझावहरू लिइरहन,
- बालअधिकार प्राप्तिको अभियानलाई दिगो रूपमा बालबालिका आफैँले अद्धि बढाउन ।

### ३.७.४ नीतिगत पैरवीका तरिकाहरू :

विभिन्न व्यक्तिहरूलाई लक्षित समूह बनाई नीतिगत पैरवी गर्नु पर्ने भएकाले समूह अनुसार फरक फरक तरिका अपनाउनु पर्दछ । यसका लागि थुप्रै तरिका र विधिहरूको ज्ञान र सीप हुनु आवश्यक छ ।  नीतिगत पैरवी गर्ने धेरै तरिका छन् । ती तरिकाहरूमा लक्ष्यित समूह अनुसार विभिन्न तरिकाहरूद्धारा आफूले खोजेको परिवर्तन ल्याउन सकिन्छ । यी तरिकामध्ये शुरूमा सजिलो र नरम खालका तरिका अपनाउनु पर्छ र परिवर्तन भएन भने अलि जटिल र कडा खालका विधिहरूद्धारा कोशिस गर्नुपर्दछ । कहाँ कुन तहमा के परिवर्तन खोजेको हो सो अनुसार पनि विधि फरक हुन सक्छ । जस्तै परिवार तहमा चलन परिवर्तन गर्न खोजिएको छ भने जुलुस नै निकाल्नु जरूरी हुँदैन । तर राष्ट्रिय स्तरमा ठुलो नीति परिवर्तन गर्न खोजिएको छ भने चाहि राष्ट्रव्यापी रूपमानै नीतिगत पैरवीका कार्यक्रमहरू गर्नुपर्दछ । यहाँ नीतिगत पैरवी गर्ने केही तरिकाहरू तल वर्णन गरिएका छन् ।

**क) पत्राचार :** पत्राचार नीतिगत पैरवी गर्ने एउटा सशक्त माध्यम हो । व्यक्तिगत रूपमाचिनजान नभएको ठाउँमा हामीले नीतिगत पैरवी गर्नु छ भने पत्राचारबाट शुरूआत गर्नु राम्रो हुन्छ । खोजिएको परिवर्तनको प्रकृति हेरेर कहिलेकाहीं यसको गोपनीयता प्रति सर्तक हुन आवश्यक छ । अनि हामीले खोजेको परिवर्तनप्रति अन्य संघसंस्था व्यक्तिहरूको समर्थन छ भने उनीहरूलाई पनि पत्र लेख्न प्रेरित गर्न सकिन्छ । धेरै तिरबाट एउटै विषयमा पत्र लेखिएमा परिवर्तन गर्न खोजिएको ठाउँमा दबाब महसुश हुन सक्छ । नीतिगत पैरवीको लागि गरिने पत्राचारमा सम्बन्धित निकायका उचित व्यक्तिलाई उचित ढंगले सम्बोधन गर्नुपर्दछ । पत्राचारमा बालक्लबको परिचय लेख्नुपर्छ । त्यसपछि आफूले खोजेको परिवर्तन र पत्राचार गरिने संस्थाले गर्नुपर्ने कारबाहीको लागि

अनुरोध समेत प्रष्टसंग लेखिएको हुनुपर्छ । यो विधि प्राय गरेर सबैखाले समूहसँग नीतिगत पैरवी गर्दा अपनाउन सकिन्छ ।

**ख) अनौपचारिक भेटघाट :** आफ्नो हकहित सुनिश्चित गर्न बालबालिका आफैले सम्बन्धित निकायसँग छलफल गरेर नीतिगत पैरवी गर्न सक्छन् । उठाइएका सवालहरूमा विरोध गर्ने अथवा परिवर्तन गर्न खोजिएका ठाउँका व्यक्तिहरूसँग आफ्नो सवालबारे जानकारी गराउन र आवश्यक कारबाही गर्नका लागि दबाब दिनका लागि अनौपचारिक छलफल तथा भेटघाटले महत्वपूर्ण भूमिका निभाउन सक्छ ।

**ग) प्रतिनिधि मण्डल भेटघाटः** प्रतिनिधि मण्डल भेटघाट नीतिगत पैरवीका लागि एउटा प्रभावकारी उपाय मानिन्छ । बालबालिकाहरू वा बालक्लबले आफ्ना सवालहरू प्रस्तुत गर्न सम्बन्धित निकाय/व्यक्तिहरूसँग भेट गर्न तथा आफ्ना सवालहरू प्रस्तुत गरी आवश्यक कारबाहीको लागि माग गर्नका लागि प्रतिनिधि मण्डल पठाउन सक्छन् । धेरै जना गएर कुराकानी गर्नुभन्दा प्रतिनिधि मण्डल वा यस्ता समूहबाट गरिने कुराकानी वा छलफल व्यवस्थित हुन सक्छ । यसरी प्रतिनिधि मण्डलमा जाँदा कहाँ र कोसँग छलफल गर्न जाने हो सो व्यक्तिलाई पहिल्यै सुसुचित गरेर समय लिएर जानु पर्दछ । प्रतिनिधि मण्डलमा जानेहरूले त्यहाँ जानु अघि नै आफ्ना सवाल अडान तथा ककस्ले के के बोल्ने भनेर आफ्नो टोलीमा प्रष्ट योजना बनाएर मात्र जानु पर्दछ ।

**घ) प्रस्तुतीकरण** : बालक्लब वा बालबालिकाका प्रतिनिधिहरूले नीतिगत पैरवी गर्नको लागि आफूले उठाएका सवालहरूको सम्बन्धमा उपयुक्त कदम चाल्नका लागि सम्बन्धित निकायका सम्बन्धित मानिसहरूलाई भेला गरेर प्रस्तुतीकरण पनि गर्न सक्छन् । यस्तो प्रस्तुतीकरण गर्दा आफू मात्र प्रष्ट भएर पुग्दैन सुनाउन खोजिएका व्यक्तिहरूको पनि चाहना हुनुपर्दछ । किनभने प्रस्तुतीकरणको मुख्य उद्देश्य भनेको नै उठाइएका सवालमा श्रोताको सहमति खोज्नु हो ।

प्रस्तुतीकरणलाई प्रभावकारी बनाउन छोटो मिठो, प्रष्ट, सन्देशमुलक बनाउनु जरूरी छ । लामो भाषण नछाटिकन आफूले भन्न खोजेका र उठाउन खोजेका सवाल र त्यसमा गरिनुपर्ने आवश्यक कारबाही छोटो रूपमाप्रस्तुत गर्नु पर्छ । अनावश्यक भूमिका छाँट्नु जरूरी छैन ।

**ङ) सूचना प्रवाह :** गाउँ शहरका धेरै मानिसहरू जम्मा हुने हाट बजार, मेला, जात्रा आदि ठाउँमा बालबालिका वा बालक्लबहरूले बाल संरक्षणका मुख्य-मुख्य सवाल र त्यसमा खोजिएको परिवर्तनबारे पोष्टर/पर्चा बाँडेर, गीत बजाएर, नाटक देखाएर दबाबमुलक सन्देश प्रवाह गरेर पनि जनवकालत गर्न सक्छन् । साथै कथा, सडक नाटक गर्ने, सूचनामुलक होर्डिंग बोर्डहरू राख्ने, रेडियो कार्यक्रम चलाउने, सन्देशमूलक सूचना प्रसारण गर्न सक्छन् ।

**च) ऱ्याली :** आफ्ना सवालमा सम्बन्धित निकायलाई दबाब दिन एउटा नारा सहितको जुलुस प्रदर्शन पनि नीतिगत पैरवीको मुख्य उपाय हो । सवालको प्रकृति र दबाब दिनुपर्ने निकायको स्तर अनुसार जुलुसको प्रकार निधो गर्न सकिन्छ । जुलुस तथा ऱ्याली दबाब दिनका लागि मात्र होइन सवालका बारेमा जनचेतना अभिवृद्धि गर्न तथा जनसमर्थन जुटाउनका लागि पनि आयोजना गर्न सकिन्छ ।

**छ) सार्वजनिक सञ्चार माध्यमको प्रयोग** : बालबालिकाले भोग्नु परेका समस्या र त्यससंग सम्बन्धित सवालहरूलाई सार्वजनिक गरेर सबैको समर्थन जुटाउन सार्वजनिक सञ्चार माध्यमको प्रयोग अति प्रभावकारी हुन्छ । स्थानीय र राष्ट्रिय स्तरका पत्र–पत्रिका, स्थानीय एफ.एम रेडियो, अभ्र सकिन्छ भने टेलिभिजनबाट समेत यस्ता सन्देशहरू प्रसारित गर्न सकिन्छ । कहिलेकाहीं यो अलि खर्चिलो पनि हुन सक्छ । तर सञ्चारकर्मीहरूसँग सम्बन्ध बिस्तार गरेर सहयोग लिन सकिन्छ । जस्तै संचार माध्यमहरूमा बालबालिकाका समस्याहरू, कठोर व्यवहार गर्ने रोजगारदाताले दण्ड पाएका, बालबालिकाका अवस्थामा सुधार भएका कथाहरू र बाल संरक्षणका सवालहरू सम्बोधन गर्ने वयस्कलाई प्रोत्साहन गर्ने किसिमका कुरा सन्देशहरूलाई प्रचार प्रसार गरिनु पर्दछ । यस्तै गरेर कार्टुन चित्र, खेल तथा नाटक प्रदर्शनी गर्ने, अन्तक्रिया आदि कार्यक्रम गर्न सञ्चारमाध्यमको प्रयोग गर्न सकिन्छ ।

**ज) सम्बन्धित व्यक्तिलाई प्रतिबद्ध गराउने :** बालबालिकाले कुनै सभा, सम्मेलन, भेलामा सम्बन्धित व्यक्तिलाई आफूले उठाएका सवालहरूमा प्रतिबद्धता व्यक्त गर्न लगाएर पनि नीतिगत पैरवी गर्न सक्छन् । खासगरी चुनावी भेलामा नेताहरूलाई बालबालिकाका विभिन्न सवालहरूको सम्बोधन गर्ने गरी कानुन बनाउने, कानुन कार्यान्वयन गराउने जस्ता प्रतिवद्धता गराउने गरिएमा यसले पनि प्रभावकारी भूमिका खेल्न सक्छ । त्यस्तै विद्यालयमा विद्यार्थी बीच बाल अधिकारको चेतना कक्षा सञ्चालन, बालश्रमिकको न्यूनतम अधिकार संरक्षण गर्ने प्रतिबद्धता व्यक्त गराई सो पूरा गर्ने पद्दति अपनाउनलाई विद्यालयलाई समेत संलग्न गराउन सकिन्छ ।

**झ) सार्वजनिक सुनुवाइ :** नीतिगत पैरवी एक जटिल प्रक्रिया भएको हुँदा यसमा सतर्क हुनु जरूरी छ । बाल संरक्षणका सवालहरूको पक्षमा सर्मथन र यसका विभिन्न चरणहरूमा आउन सक्ने उतार चढावमा छलफल गर्न सार्वजनिक सुनुवाइ गरिनु पनि उचित हुन्छ । सार्वजनिक सुनुवाइ एउटा प्राविधिक कार्य हो र यसको सञ्चालन गर्न सहजकर्ताहरूको क्षमता बृद्धि गर्नुपर्दछ ।

**ञ) बजेट अनुगम :** बालसंरक्षणका सवालमा स्थानिय निकाय विद्यालय वा राज्यका अन्य निकाय एवं गैर सरकारी सँग संस्थहरूले विनियोजन गरेका बजेट, बजेटको लगानी उपलब्धिका सवालमा बालबालिकाहरूको समूहले आवधिक रूपमासम्वन्धित निकायसँग भेटघाट वा सार्वजनिक कार्यक्रम गरी

सूचना तथा जानकारीहरू प्राप्त गर्न सक्दछन् यस्ले संवन्धित निकायहरूको पारर्दशिता र सामाजिक उत्तरदायित्वलाई वहन गर्दछ ।

## ३.८ उपलब्धि मापन तथा समीक्षाका लागि बालसहभागिता :

बालबालिकाको संरक्षण गर्नका लागि विभिन्न निकाय तथा समूहहरूबाट विविध किसिमका कार्यक्रमहरू संचालन गरिएका हुन्छन् यस्ता कार्यक्रमहरूले बालबालिकाहरूको व्यक्तिगत तथा सामुहिक जीवनमा सकारात्क परिवर्तन ल्याउनुका साथै नयाँ सवालहरूको पनि उजागर गर्ने गर्दछन् कार्यक्रम संचालनका सवालमा थुप्रै चुनौती र सफल अभ्यासहरू भएका हुन सक्दछन् । यसका लागि आवधिक रूपमा कार्यक्रमहरूको उपलब्धि मापन समीक्षा तथा मूल्यांकन हुनु जरूरी छ । यस प्रक्रियमा बालबालिकाहरूको सहभागिता गराइनु सान्दर्भिक मात्रै नभएर अझ बढि प्रभावकारी र ब्यावहारिक पनि हुन्छ । यो बालबालिकाहरूको अधिकार पनि हो । उपलब्धि मापन तथा समीक्षा प्रक्रियामा बालबालिकाको सहभागिता गराइनाले कार्यक्रमले व्यावहारिका रूपमा पारेका प्रभावहरू, समुदायमा आएका परिवर्तनहरू र बालबालिकाका आवश्यकाताहरूको बारेमा सही जानकारी प्राप्त गर्न सकिन्छ साथै यस प्रक्रियाले जसको सवाल उसको नेतृत्वको भावनालाई पनि कार्यन्वयन गर्दछ ।

### ३.८.१ उपलब्धि मापन तथा समीक्षाका लागि बालसहभागिता कसरी गरिन्छ ?

**क) समीक्षा कार्यशाला :** बालबालिकाहरू अधिकार धारक भएको हैसिएतले उनीहरू को लागि संचालन गरिएको कार्यक्रमको उपलब्धि मापन तथा समीक्षा गर्ने अधिकार पनि उनीहरूको छ । तसर्थ यो विधि अत्यन्त महत्पूर्ण मान्न सकिन्छ । बालबालिकाहरूको लागि लक्षित गरिएका कार्यक्रमको समापन पछि बालबालिकाहरूको सहभागितामा कार्यक्रमका सबल पक्ष के के रहे ? सुधार गर्नु पर्ने पक्ष के के देखियो ? कार्यक्रम बाट उद्देश्य पूरा गर्न सकियो कि सकिएन ? जस्ता प्रश्नहरूको आधार मा बालबालिकाहरूको सहभागितामा उपलब्धिहरूको मापन तथा समीक्षा गर्न सकिन्छ ।

**ख) बाल सल्लाहकार समिति :** बालसल्लाहकार समिति बालसहभागितालाई प्रोत्साहन गर्ने महत्वपूर्ण विधि हो र यस विधि को माध्यमबाट बालबालिकाहरूको निर्णयमा पहुँच पुऱ्याउनलाई सहज पुग्दछ । यस विधि अन्तरगत बालबालिकालाई लक्षित गरी निर्माण गरिएको कार्यमा के कति उपलब्धि हासिल गर्न सकियो उनीहरूको प्रतिक्रियाबाट पनि कार्यक्रमको उपलब्धि मापन तथा समीक्षा गर्न सकिन्छ ।

**ग) सुझाब पेटिका राख्ने :** सुझाब पेटीका सूचना संकलन गर्ने महत्वपूर्ण माध्यम हो । बालबालिकाहरूका लागि गरिएका कार्यक्रमहरूको अनुगमन तथा उपलब्धी मापनका लागि पनि सुझाब पेटीका मार्फत पनि उनीहरूका आफ्ना दृष्टिकोण, विचार र उनीहरूले प्रत्यक्ष देखेका कुराहरूको संकलन गर्न सकिन्छ । जसबाट कार्यक्रममा भएको यथार्थ विवरण आउन सक्दछ ।

**घ) आवधिक सुझाब संकलन गर्ने :** आवधिक सुझाव संकलन विधि बाल संरक्षणका लागि भएका कार्यक्रमहरूको विषयमा बालबालिकाकै सहभागितामा के कस्ता कार्यक्रमहरू र त्यसबाट प्राप्त के कस्ता उपलब्धि भए भन्ने थाहा पाउनका लागि प्रयोग गर्न सकिने एक महत्वपूर्ण बिधि हो । यस विधिबाट बालबालिकाहरूको वीचमा कार्यक्रम सञ्चालन पश्चात निश्चित समय पछि आवस्यकता अनुसारको सूचना संकलन गरी त्यहा भए गरेका उपलब्धिहरूको मापन गर्न सकिन्छ ।

**ङ) प्रभावित बालबालिकाहरूसँग अन्तरक्रिया गर्ने :** प्रभावित बालबालिकाहरूसँगको अन्तरक्रिया मार्फत उपलब्धि मापन गर्नु भनेको जसको सवाल उसकै सरोकारसँग मेल खाने विषय हो । यस विधिबाट प्रभावित बालबालिकाहरूकै सहभागितामा प्रत्यक्ष रूपमानै उनीहरूले प्राप्त गरेका सेवा सुविधा, सहयोगका बारेमा उनीहरू आफैँबाट लेखाजोखा सहितको सूचना संकलन गरी उपलब्धि मापन तथा समीक्षा गर्न सकिन्छ ।

**च) बाल अनुगमन गर्ने :** उपलब्धि मापन तथा कार्यक्रमको समीक्षा गर्ने विधि मध्ये अनुगमन विधि एक महत्वपूर्ण विधि हो । यस विधिमा प्रत्यक्ष रूपमाकार्य स्थलको अनुगमन तथा भेटघाट गरी कार्यक्रमको उपलब्धी मापन तथा समीक्षा गर्ने गरिन्छ । बालसंरक्षणका लागि गरिएका क्रियाकलापहरूको अनुगमन तथा समीक्षा गर्नका लागि पनि बालबालिकाहरूकै सहभागितामा प्रत्यक्ष रूपमा कार्यक्रमको अनुगमन गराई उनीहरूले प्राप्त गरेको सूचना संकलन गरी उपलब्धि मापन तथा समीक्षा गर्न सकिन्छ ।

# खण्ड-चार

# बाल संरक्षणका लागि बालमैत्री सञ्चार र हानि नगरको सिद्धान्त

## ४.१ बालमैत्री सञ्चार के हो ?

कुनै व्यक्तिले आफ्नो सन्देश अर्थात् विचार, सूचना अर्को व्यक्ति वा समूहसम्म बोलेर लेखेर वा हाउभाउको माध्यमबाट पुऱ्याउने कार्यलाई सञ्चार भनिन्छ । सञ्चार पूरा हुनका लागि सन्देश, पठाउने, माध्यम र पाउने हुन जरूरी छ ।

बोलेर, लेखेर, हाउभाउ वा अन्य माध्यमबाट बालबालिकाले सहज ढंगबाट ग्रहण गर्ने गरी सूचना वा सन्देश प्रेषण गर्नु बालमैत्री सञ्चार हो । सूचना सम्प्रेषण गर्नेले जुन अर्थमा सम्प्रेषण गरेको हो प्रापकले त्यही अर्थमा ग्रहण गर्न सके मात्र सञ्चार प्रभावकारी हुन्छ । बालबालिका समक्ष पुऱ्याइने कुनै पनि सूचना वा सन्देश पनि बालबालिकाले ग्रहण गर्न सक्ने किसिमका माध्यम वा तौर तरिकाबाट सम्प्रेषण गरिए मात्र त्यो प्रभावकारी र बालमैत्री हुन्छ । बालबालिका र वयस्कहरू बीचको असमान शक्ति सम्बन्धका कारण वयस्कहरूले बालबालिकाहरू समक्ष सूचना सम्प्रेषण गर्दा प्रायः आदेशात्मक ढंगबाट गर्ने गर्दछन् । हप्काएर, डर देखाएर र करकापमा पारेर, जबरजस्ती तथा दबाबमुलक विधिबाट गरिने सञ्चार बालमैत्री सञ्चार होइन ।

### ४.१.१ प्रभावकारी सञ्चारका विशेषता :

प्रभावकारी सञ्चार माध्यमका निम्न विशेषता हुन्छन् :

(१) **स्पष्ट र सरल :** सन्देश स्पष्ट र सरल हुनु पर्दछ । एक आपसमा कुराकानी गर्दा सजिलैसँग बुझिने हुनु पर्दछ ।

(२) **उमेर र स्तर अनुसारको भाषा, शब्द र हाउभाउ :** दुवै तर्फबाट बोलिने भाषा, शब्दहरू, बुझ्न सक्ने खालको भए मात्र सञ्चार प्रभावकारी हुन्छ ।

(३) **दोहोरो सञ्चार :** सञ्चार दोहोरो हुनु पर्दछ । सञ्चार गर्न खोजिएको विषयमा दिने र लिने बीच प्रश्न सोध्ने, तर्क राख्ने उत्तर दिने अरूको कुरा सुन्ने गरिनु पर्दछ । दुवै पक्ष विचारको आदान प्रदान भएको हुनु पर्दछ । भन्ने र सुन्नेको बीचमा भेदभाव हुनुहुँदैन । प्रभावकारी सञ्चारमा एकले अर्कालाई दोष नदिएर विषय र समस्याका छलफल गर्नु पर्छ । उदाहरणका लागि समस्या के हो ? विकल्पहरू के के छन् ? के निर्णय गर्ने भन्ने बारेमा दोहोरो छलफल हुन्छ ।

### ४.१.२ कस्तो सञ्चार प्रभावकारी होइन ?

- सन्देश स्पष्ट नभएको सञ्चार
- एकोहोरो सञ्चार
- भाषा नमिलेको, नबुझिने सञ्चार
- अनुमानको भरमा गरिएको सञ्चार

- सन्देश लिने व्यक्तिले नसुनेको, तयार नभएको, ध्यान नदिएको बेला गरिएको सञ्चार
- विषयवस्तु, स्तर र कार्यक्षेत्रमा फरक परेको सञ्चार
- सन्देश लिने र दिने बीच असहज सम्बन्ध वा रिसाएको बेलामा गरेको सञ्चार
- हतारमा गरिएको सञ्चार

## ४.२ बालबालिकासँग सञ्चार गर्दा ध्यान दिनु पर्ने कुराहरू :

बालबालिकाले सुनेका कुरा लामो समय सम्म पनि बिर्सिदैनन् । सुरूमा जे सुन्यो उनीहरूले त्यहीनै कुरा अरूलाई भन्ने गर्दछन । त्यसैले बालबालिकाहरू सँग सञ्चार गर्दा निम्न कुराहरूमा ध्यान दिनु जरूरी हुन्छ :

- ➢ बालबालिकाहरूलाई उनीहरूका भावनाहरू निर्धक्क भएर अभिव्यक्त गर्ने वातावरण बनाइदिने
- ➢ बालबालिकासँग कुराकानी गर्दा उनीहरूको समानान्तर बन्नु पर्दछ ।
- ➢ विश्वस्त भएर बोल्ने तथा ध्यानपूर्वक सुन्ने गर्नु पर्दछ ।
- ➢ धैर्यशील बन्नु पर्दछ ।
- ➢ बालबालिकालाई कुटपिट गाली तथा दुर्व्यवहार गर्नु हुँदैन ।
- ➢ बालक वा बालिका नछुट्याई दुवैसँग कुराकानी गर्नु पर्दछ ।
- ➢ बालबालिकाको उमेर र क्षमतालाई उपयुक्त हुने भाषा र क्रियाकलापहरूको प्रयोग गर्नु पर्दछ ।
- ➢ बालबालिकाहरू प्रति निर्णायक बन्नु हुँदैन वा उनीहरूको विचारलाई बेवास्ता गर्नु हुँदैन
- ➢ बालबालिकासँग सकारात्मक शब्दहरूको प्रयोग गर्नु पर्दछ । उनीहरूलाई राम्रा काम गर्नासाथ स्याबासी र प्रोत्साहन दिनु पर्दछ ।
- ➢ उमेर, लिङ्ग, जाति, अपाङ्गता वा अन्य तत्वहरूमा आधारित बालबालिकाहरूका फरक आवश्यकताहरू अनुरूप व्यवहार गर्न लचिलो हुनुपर्छ ।
- ➢ उपयुक्त समयमा ठट्टा र रमाइलो गर्नुपर्दछ ।
- ➢ तर विषयवस्तुको छलफल भइरहेको अवस्थामा गम्भीर हुनका लागि पनि सँगसँगै सचेत गराउनु पर्दछ ।
- ➢ गीत, नाच, चित्रकला, दोहोरी देउडा, नाटक, कथाकथन, कविता र खेल जस्ता विविध एवं रोचक विधिहरूका माध्यमबाट बालबालिकालाई सहभागी गराउन सिर्जनात्मक बन्नुपर्छ ।
- ➢ बालबालिकाले राम्रो काम गर्दा प्रशंसा गर्नु पर्दछ ।
- ➢ सम्भव भएसम्म बालबालिकाको स्थानीय भाषामा कुराकानी गर्नुपर्दछ ।
- ➢ वयस्कहरूले निर्णय लिने प्रक्रियामा बालबालिकाहरूको भावनाले कति महत्व राख्छ भन्ने कुरा स्पष्ट बताइदिनु पर्दछ ।

### ४.३ प्रभावकारी सञ्चारका लागि बालबालिकाले ध्यान दिनु पर्ने कुरा :

- प्रभावकारी सञ्चारका लागि बालबालिकाले मनभित्रै कुरा राख्नु हुँदैन ।
- मन भित्रका कुराहरू अरूलाई नभने समस्याहरू मनभित्रै हुन्छन् । समाधान हुन सक्दैन वा वयस्कहरूले सहयोग गर्न सक्दैनन्
- आफूले भोगेका समस्याहरूबाट आफू पिरोलिरहनु पर्दछ । आफूभित्र शङ्का उपशङ्काहरू बढेर जान्छ । सञ्चार नगर्नाले आपसी सम्बन्धहरू अझ चिसिएर जान्छन्
- मनभित्रका कुरा अरूले थाह पाउनका लागि व्यक्त गर्दै पर्दछ । जस्तै खानेकुरा मिठो छ वा छैन भन्ने कुरा खाने व्यक्तिले खाएर आफूलाई लागेको मिठो र नमिठोको स्वादका बारेमा विचार व्यक्त नगरूञ्जेल अर्को व्यक्तिलाई थाहा हुँदैन । नभनुञ्जेल अनुमानका भर पर्नु पर्दछ ।

## ४.४ बालसंरक्षणको सन्दर्भमा हानि नगरको सिद्धान्त :

बालसंरक्षण कार्यमा  बालसहभागिताको अभ्यास गरिरहँदा प्रभावित बालबालिका वा सहभागी बालबालिकाहरूलाई व्यक्तिगत वा सामुहिक रूपमा कुनै पनि किसिमको जोखिमता तथा खतराहरू नरहउन एवं उनीहरूको संरक्षणका लागि उपयुक्त व्यवस्थाहरू गरिएको सुनिश्चत गर्नु नै हानि नगरको सिद्धान्तको अवलम्वन गर्नु हो ।

### *४.४.१ बाल संरक्षणको अभियानमा लाग्ने बाल अभियन्ताहरू माथि आइपर्न सक्ने जोखिमहरू :*

- प्रभावित  बालबालिका तथा बाल संरक्षण कार्यमा सहभागी हुने बालबालिकाहरूलाई दुर्व्यवहार कर्ताको पक्ष बाट डर, धम्की, मानसिक दवाव तथा भौतिक आक्रमण हुन सक्दछ ।
- सहभागी बालबालिकाहरूबाट कुनै सूचना बाहिर आएको कारणले त्यस बाट नकारात्मक असर पैदा हुने समुदाय वा व्यक्तिबाट खतरा उत्पन्न हुन सक्दछ ।
- प्रभावित तथा सहभागी बालबालिकाहरूलाई डर, त्रास तथा सामाजिक लान्छनका कारणले परिवार एवं समुदायले अस्वीकार गर्न सक्दछ ।
- सम्बन्धित सवालको पक्ष वा विपक्षमा बोल्ने क्रममा यसैगरी सशक्त तर्कहरू प्रस्तुत गर्ने क्रममा  उक्त सवालको बारेमा विमति राख्ने आफूभन्दा ठुला अभिभावक, शिक्षक, शिक्षिका, दाइ, दिदीहरू, वयस्कहरूबाट अप्ठेरोमा पर्न सक्ने स्थिति आइलाग्न सक्छ ।

## ४.४.२ जोखिम न्यूनीकरण गर्ने उपायहरू :

- बालबालिकाको सहभागितामा बाल संरक्षण अभियान सामुहिक रूपमातथा बालक्लब मार्फतबाट संचालन गर्ने
- यस्ता अभियानहरू गाविसस्तरीय, जिल्लास्तरीय बालक्लब सञ्जाल मार्फत गर्ने
- बाल अधिकारसँग सरोकार राख्ने संस्थाहरूसँग सहकार्य गर्ने
- प्रत्येक अभियानहरू सञ्चालन गर्नु भन्दा अघि बालक्लब, बालक्लब सञ्जालका सहजकर्ताहरूसँग बसी गम्भीर छलफल गर्नु पर्दछ ।
- स्थानीय सरोकारवाला निकायहरूलाई अभियानका बारेमा जानकारी दिने ।

## ४.४.३ जोखिम न्यूनीकरण गर्दा ध्यान दिनु पर्ने उपायहरू :

- अभियानका लागि उपयुक्त विधिको छनौट
- आवश्यक सामग्रीको व्यवस्था
- कार्य योजना बनाउने
- कार्यक्रम गर्ने स्थानको छनौट
- लिङ्ग, जातजाति तथा बालश्रमिकहरूसमेतको समावेशी सहभागिता गराउने
- बालबालिकाको अर्थपूर्ण सहभागिता गराउने
- लोकतान्त्रिक पद्धति अवलम्बन गर्ने